# प्रभाव दैनिक
National Daily

वर्ष ११ | अंक २०४ | काठमाडौं | बुधबार, ०५ मंसिर २०८१ | Prabhab National Daily | Wednesday, November 20, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



**लैङ्गिक हिंसाबाट सचेत बनौं**

**शारीरिक हिंसा**
- कुटपिट गर्ने, जीउ पोल्ने, डाम्ने, कुरूप पार्ने, घरबाट निकाला गर्ने,


**मानसिक हिंसा :**
- गालीगलौज गर्ने, अपमानित गर्ने, डरधम्की र त्रासपूर्ण व्यवहार गर्ने, झुट्टा आरोप लगाउने, मानसिक र भावनात्मक चोट पुऱ्याउने

**यौनजन्य हिंसा :**
- यौन दुर्व्यवहार गर्ने, यौन शोषण गर्ने, जबरजस्ती करणी गर्ने, देहव्यापारमा लगाउने जस्ता कार्य लैङ्गिक हिंसाका घटना हुन् । यस्ता घटना विरूद्ध सचेत होऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


विस्तृत शान्ति सम्झौताको १८ वर्ष

# न्याय निरूपण अधुरै



*फाइल तस्बिर*

■ **जेबी योञ्जन**

**काठमाडौं–** दोस्रो जनआन्दोलनले तत्कालीन राजा ज्ञानेन्द्र शाहको प्रत्यक्ष शासनलाई ढालेपछि ५ मंसिर २०६३ मा विस्तृत शान्ति सम्झौता भयो । सम्झौता भएको आज ठीक १८ वर्ष पूरा भएको छ ।

सम्झौताको हस्ताक्षरकर्तामध्येका एक जना तत्कालीन प्रधानमन्त्री तथा नेपाली कांग्रेसका सभापति गिरिजाप्रसाद कोइराला दिवंगत भइसके । अर्का हस्ताक्षरकर्ता नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल हुन् । उनी पटक-पटक प्रधानमन्त्री बनिसकेका छन् ।

शान्ति सम्झौताको जग भने तत्कालीन सात राजनीतिक दल र विद्रोही नेकपा माओवादी पक्षबीच ७ मंसिर २०६२ मा भएको १२ बुँदे सहमति हो । सोही सम्झौताको आधारमा तत्कालीन राजा ज्ञानेन्द्रको प्रत्यक्ष शासनविरुद्ध सात राजनीतिक दलसँगै माओवादी सम्मिलित जनआन्दोलन भयो । जनआन्दोलनकै बलमा ज्ञानेन्द्रलाई परास्त गरिएपछि विस्तृत शान्ति सम्झौता भएको थियो ।

- ५ मंसिर २०६३ मा विस्तृत शान्ति सम्झौता
- शान्ति सम्झौताका हस्ताक्षरकर्ता स्व. गिरिजाप्रसाद कोइराला र माओवादी अध्यक्ष दाहाल
- जनमुक्ति सेना समायोजन, हतियार व्यवस्थापन र संविधानसभामार्फत नयाँ संविधान निर्माण तर द्वन्द्वपीडित अझै न्यायको पर्खाइमा
- सत्य निरूपण मिलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिनको आयोगको पदाधिकारी पूर्ति गराउने भूमिकामा

उक्त सम्झौता भएको झण्डै दुई दशक बित्दासम्म शान्ति प्रक्रिया टुंगोमा पुगेको छैन । द्वन्द्वकालीन गम्भीर मानवअधिकार उल्लंघन घटनामा संलग्नले सजाय पाएका छैनन् । द्वन्द्वपीडितहरू न्यायको पर्खाइमा छन् । उनीहरू न्यायलयसम्मै पुगेका छन् । तर, न्याय पाएका छैनन् ।

द्वन्द्वको एउटा पक्ष माओवादी केन्द्रका सचिव देवेन्द्र पौडेल सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिका छानबिन आयोगसम्बन्धी ऐन पारित भएर दुवै आयोग गठनको क्रममा रहेकाले अब राज्य र तत्कालीन विद्रोही माओवादी पक्षबाट भएका पीडितहरूले न्याय पाउने बताउँछन् । 'शान्ति प्रक्रियाका धेरै चरण पूरा भइसके । अब बाँकी सत्यको निरूपण गर्ने र बेपत्ताको छानबिन गर्दै पीडित परिवारलाई न्याय दिलाउने प्रक्रिया सुरु हुन लागेको छ,' उनले प्रभावसँग भने, 'द्वन्द्वका दुवै पक्षको सहभागितामा यो पनि छिट्टै टुंगो लाग्छ ।'

यतिबेला सरकारले दुवै आयोगमा पदाधिकारी सिफारिसका लागि सर्च कमिटी बनाएको छ । कमिटी संयोजक पूर्वप्रधानन्यायाधीश ओमप्रकाश मिश्र छन् । मिश्रको नेतृत्वमा गठन भएको समितिले पदाधिकारीका लागि आवेदन संकलन गरेको छ ।

(क्रमशः पृष्ठ २ मा)

# 'बिआरआई'ले सरकारमा खटपट

- चीनले चासोका साथ अघि बढाएको बिआरआई सम्झौताको विषयले दुई दलबीच खटपट
- एमाले जसरी पनि बिआरआई सम्झौता सकार्नुपर्ने पक्षमा, रोक्नुपर्ने पक्षमा कांग्रेस
- बिआरआई अघि बढे अमेरिकी परियोजना 'स्टेट पार्टनरसिप प्रोग्राम(एसपिपी)'लाई अघि बढाउनुपर्ने कांग्रेसको अडान



■ **प्रभाव संवाददाता**

**काठमाडौं–** हिउँद लागेर मौसम चिसिँदै गर्दा सत्तारुढ दलभित्रको राजनीति भने तातिएको छ । भारतले कुनै वास्ता नदिएपछि प्रधानमन्त्री केपी शर्मा ओली चीन भ्रमणमा जान लाग्दा सत्तारुढ दुई दलबीच खटपट सुरु भएको हो ।

दुई दलबीचको खटपटको विषय हो, चीनले चासोका साथ अघि बढाएको बिआरआई सम्झौता । साझा लगानी र साझा प्रतिफल लिने लक्ष्यसहित सन् २०१३ मा चीनका राष्ट्रपति सी चिनफिङले सुरु गरेको 'बेल्ट एण्ड रोड इनिसियटिभ (बिआरआई)' को विषयमा के गर्ने भन्नेबारे प्रधानमन्त्री ओली र नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाबीच सोमबार साँझ बालुवाटारमा छलफल भएको थियो ।

यसबारे देउवाले मंगलबार बिहान दुई महामन्त्री गगन थापा र विश्वप्रकाश शर्मासँग छलफल गरेका थिए । यसपछि मंगलबार साँझ मन्त्रिपरिषद् बैठकसमेत स्थगित गरी सरकार सञ्चालन सफल बनाउन बनेको राजनीतिक संयन्त्रको बैठक बस्यो । बैठक बिआरआईबारे साझा सहमति बनाउन बसेको बताइएको छ ।

## परराष्ट्रमन्त्रीलाई छैन औपचारिक निम्तो

परराष्ट्रमन्त्री आरजु राणा देउवा प्रधानमन्त्री ओली जानुअघि चीन जाने तयारीमा छिन् । राणा ११ गते जापान हुँदै १४ मंसिरमा बेइजिङ पुग्ने तयारीमा छिन् । तर उनलाई चीनबाट औपचारिक निम्तोसमेत नआएको परराष्ट्रका उच्च अधिकारीले जनायो । 'चीन भ्रमणअघि तयारी हुन्छ । अफिसियल निम्तो आउँछ । जुन हाम्रो मन्त्रीका लागि आएकै छैन,' ती अधिकारीले भने ।

चीनले धेरै कुरा खुलाउन नचाहने भएकोले भ्रमणको समयमा के-कस्ता सम्झौता गर्ने भन्नेबारेसमेत परराष्ट्रको कुनै तयारी छैन । प्रधानमन्त्री ओलीले परराष्ट्र सल्लाहकार नराख्दा अहिले निकै झन्झट बेहोर्नुपरेको परराष्ट्र स्रोतको दाबी छ ।

**कांग्रेस रोक्ने पक्षमा, एमाले सम्झौताको**

बिआरआईमा नेकपा एमाले र कांग्रेसले फरक-फरक मत राख्दै आएका छन् । कांग्रेस बिआरआई परियोजना जसरी पनि रोक्ने पक्षमा छ भने एमाले यसलाई अमेरिकी परियोजना एमसिसीझैं स्वीकार्नुपर्ने लाइनमा छ । प्रधानमन्त्री ओलीको चीन भ्रमण लगभग निश्चित भएसँगै चिनियाँ पक्षले बिआरआईबारे 'लाइन क्लियर' गर्न आग्रह गरेको परराष्ट्र मन्त्रालय स्रोतले जनाएको छ । 'बिआरआईबारे के हुन्छ भनेर चिनियाँ चासो छ, चीनले धेरै कुरा खुलाउँदैन तर यसमा चासो राखेको देखिन्छ,' स्रोतले भन्यो ।

कांग्रेसले अघिल्लो समयको ऋणहरू देखाउँदै बिआरआईको भारी बोक्न नहुने बताउँदै आएको छ । 'अहिले नेपालले ऋण तिर्न सक्ने अवस्था छैन । त्यसमा पनि महँगो ब्याजको ऋण लिन हामी सक्दैनौं,' कांग्रेस प्रचार विभागका प्रमुख मीन विश्वकर्माले भने । अनुदानका रूपमा भए स्वीकार्न सकिने उनी बताउँछन् । यसअघि पोखरा विमानस्थल निर्माणको ऋण चीनलाई तिर्नै बाँकी रहेकोले ऋणमाथि ऋण बोक्न नहुने विश्वकर्माको भनाइ छ ।

यता कांग्रेस प्रवक्ता डा. प्रकाशशरण महत अहिलेको सरकारले जबरजस्ती बिआरआई अघि सार्न नहुने बताउँछन् । पूर्वपरराष्ट्रमन्त्री महतले ऋणका रूपमा बिआरआई कार्यान्वयन नगर्न र यसबारे स्पष्ट हुन नै राजनीतिक संयन्त्र बनेको दाबी गरे । 'हामीले एडिबी, विश्व बैंकको सहुलियतपूर्ण ऋण नै सदुपयोग गर्न सकेका छैनौं ।

(क्रमशः पृष्ठ २ मा)



हामीले एडिबी, विश्व बैंकको सहुलियतपूर्ण ऋण नै सदुपयोग गर्न सकेका छैनौं । बजार दरमा ऋण लिएर, अन्तर्राष्ट्रिय प्रतिस्पर्धा पनि नहुने र सप्लाइ पनि उनीहरूले नै गर्ने हुनाले ऋण लिनु हुन्न ।

■ **डा. प्रकाशशरण महत**
**प्रवक्ता, कांग्रेस**



अरू नियोगहरूबाट ऋण लिँदा चीनको बहिस्कार गर्नुपर्छ भन्ने पक्षमा नेपाल लाग्न हुँदैन । जुन ब्याजमा हामीले विश्व बैंकबाट लिन्छौं त्यसैको वरिपरि लिँदा हामीलाई के आपत्ति हुन्छ ?

■ **रघुवीर महासेठ**
**विदेश विभाग प्रमुख, एमाले**

**सन्दर्भः वैदेशिक रोजगार**


# तीन महिनामै भित्रियो ४०७ अर्बभन्दा बढी रेमिट्यान्स

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** मुलुकमा चालु आर्थिक वर्ष २०८१/८२ को तीन महिनामा चार खर्ब सात अर्ब रूपैयाँभन्दा बढी विप्रेषण (रेमिटचान्स) भित्रिएको छ । नेपाल राष्ट्र बैंकले मंगलबार सार्वजनिक गरेको देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति प्रतिवेदनअनुसार साउनदेखि असोज मसान्तसम्म विप्रेषण आप्रवाह ११.५ प्रतिशतले बढेर चार खर्ब सात अर्ब ३१ करोड रूपैयाँ पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा रेमिटचान्स २५.८ प्रतिशतले बढेको थियो ।

यस वर्षको असोज महिनामा मात्रै एक खर्ब ४४ अर्ब १७ करोड रूपैयाँबराबरको विप्रेषण भित्रिएको छ । यो एकै महिना भित्रिएको रेमिटचान्समा सबैभन्दा बढी रकम हो । नेपालीहरूको ठूलो चाडपर्वका कारण तुलनात्मक रूपमा असोज महिनामा बढी नै विप्रेषण भित्रिएको बताइन्छ । राष्ट्र बैंकको तथ्यांकअनुसार कोभिड महामारीपछि विप्रेषण आप्रवाह निरन्तर वृद्धि भएको देखिएको छ ।

यस्तै राष्ट्र बैंकको समीक्षा अवधिमा अमेरिकी डलरमा हुने विप्रेषण आप्रवाहमा पनि उल्लेख्य वृद्धि भएर एक अर्ब ९६ करोड पुगेको छ । गत आवको सोही अवधिमा यस्तो आप्रवाह एक अर्ब ७३ करोड रहेको थियो । वैदेशिक रोजगारीमा गएका युवाहरूले रेमिटचान्समार्फत मुलुकको अर्थतन्त्रमा योगदान गर्दै आएका छन् । रेमिटचान्सले मुलुकको अर्थतन्त्रको करिब २५ प्रतिशत हिस्सा ओगटेको विभिन्न अध्ययनले देखाएका छन् । विप्रेषणकै कारण विदेशी मुद्रा सञ्चिति बढेको राष्ट्र बैंकले उल्लेख गरेको छ ।




समीक्षा अवधि (साउन-असोज)मा वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत-नयाँ) लिने नेपालीको संख्या ७६ हजार ४८५ जना रहेको तथ्यांकमा देखाइएको छ । वैदेशिक रोजगारीका लागि पुनः श्रम स्वीकृति लिने नेपालीको संख्या सो अवधिमा ४० हजार ५८३ जना रहेका छन् । अघिल्लो वर्षको सोही अवधिमा विदेशिने यस्तो संख्या क्रमशः ७४ हजार ४५५ र ३२ हजार चार रहेको थियो । गत आवभन्दा चालु आवको सोही अवधिमा विदेश जाने नेपालीको संख्या भने केही बढी देखिएको छ ।

मुलुकमा रोजगारीको पर्याप्त अवसर नहुँदा दैनिक करिब दुई हजारको संख्यामा नेपाली युवा वैदेशिक रोजगारीमा गइरहेको वैदेशिक रोजगार विभागको तथ्यांकले देखाएको छ । यसरी विदेसिने श्रमिकहरूले पठाउने रेमिटचान्सबाटै मुलुकको अर्थतन्त्रमा झण्डै २५ प्रतिशत योगदान पुगेको अर्थविद्हरूको भनाइ छ । पछिल्लो समय सरकारले जिटुजी सम्झौतामार्फत रोमानिया, जर्मनी र जापानमा कामदार पठाउने बाटो खुला गरे पनि अपेक्षितरूपमा नेपालीहरू जान नपाएका कारण रेमिटचान्समा अझ बढ्न नपाएको वैदेशिक रोजगार व्यवसायीहरू बताउँछन् ।

यद्यपि, मलेसिया तथा खाडी मुलुक गएका नेपाली श्रमिकले पठाएको रेमिटचान्सबाटै विदेशी मुद्रा सञ्चितिमा योगदान पुगेको उनीहरूको भनाइ छ । युरोपेली मुलुकहरूबाट आएको ५० हजारभन्दा बढी मागपत्र प्रमाणीकरण भई नेपालीहरू रोजगारीका लागि जाने अवस्था सिर्जना हुन सके थप विदेशी मुद्रा आर्जन गर्ने र रेमिटचान्समा उल्लेख्य वृद्धि हुने बताइएको छ ।

## युएईमा निःशुल्क स्वास्थ्य परीक्षण

**काठमाडौं (प्रस)–** अबुधावीस्थित नेपाली दूतावासले युनाइटेड अरब इमिरेट्स (युएई)मा काम गर्ने नेपालीहरूलाई निःशुल्क स्वास्थ्य परीक्षण सेवा प्रदान गरेको छ । युएईमा श्रम गरिरहेका नेपालीहरूलाई अहलिया हस्पिटल अबुधावीबाट आएका डा. याशिर श्रेष्ठसहितको स्वास्थ्यकर्मीहरूको टोलीले निःशुल्क स्वास्थ्यपरीक्षण गरेको दूतावासले जनाएको छ ।

दूतावासले एक विज्ञप्ति जारी गर्दै झण्डै २०० जना नेपालीले निःशुल्क स्वास्थ्य परीक्षण सेवा लिएको उल्लेख गरेको छ । स्वास्थ्य परीक्षणसँगै स्वास्थ्यकर्मीहरूले नेपाली श्रमिकहरूसँग शारीरिक तथा मानसिक समस्या र समाधानका विषयमासमेत अन्तरक्रिया गरेको दूतावासले जनाएको छ । सोही कार्यक्रममा युएईका लागि श्रम काउन्सेलर दीनबन्धु सुवेदीले श्रमसँग सम्बन्धित विविध विषयमा जानकारी गराएको बताइएको छ ।

दूतावासले सेवा प्रवाहसँगै युएईमा कार्यरत नेपालीहरूलाई शारीरिक तथा मानसिक स्वास्थ्य र श्रमसम्बन्धी विषयहरूमा हरेक हप्ता सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्दै आएको जानकारी दिएको छ ।

# अब अनुकूलन वित्तमा नेपालको सोझै पहुँच

- राष्ट्रिय प्रकृति संरक्षण कोष(एनटिएनसी' अनुकूलन कोषको राष्ट्रिय कार्यान्वयन निकाय (एनआइई) को सदस्यमा छनोट
- कोषको एनआइई हुनु एनटिएनसीका लागिमात्रै नभएर मुलुककै लागि गौरव गर्न लायक उपलब्धि भएको भनाइ



*तस्बिरः रासस*

■ **प्रगति ढकाल**

**बाकु (अजारबैजान)–** अनुकूलन कोषले राष्ट्रिय प्रकृति संरक्षण कोष(एनटिएनसी' लाई आफ्नो नयाँ राष्ट्रिय कार्यान्वयन निकाय (एनआइई) को रूपमा छनोट गरेको छ । अजारबैजानको बाकुमा जारी रहेको जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसंघीय संरचना महासन्धि (युएनएफसिसिसी) का पक्ष राष्ट्रहरूको २९औं सम्मेलन (कोप-२९) को दौरानमा नेपालमा अनुकूलन कोषको रकम ल्याउन, जलवायु अनुकूलनसम्बन्धीका परियोजना निर्माणदेखि कार्यान्वयनका लागि सहज बनाउन अनुकूलन कोषले एनआइईको रूपमा एनटिएनसीलाई छनोट गरेको हो ।

यसअघि पनि एनटिएनसी हरित जलवायु कोषबाट राष्ट्रिय मान्यता प्राप्त निकाय (डिएई) को रूपमा छनोट भई कार्यान्वयनको अवस्थामा छ । हरित जलवायु कोष (जिसिएफ) बाट नेपालमा हालसम्म तीनवटा संस्था डिएईको रूपमा छनोट भई कार्यरत छन् । ती निकायमध्ये एनटिएनसी, वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र र एनएमबिएल बैंक जिसिएफको डिएईको रूपमा रहेका छन् ।

अनुकूलन कोषले भने नेपालमा पहिलोपटक एनटिएनसीलाई एनआइईको रूपमा छनोट गरेको हो । अब एनटिएनसीमार्फत मुलुकले सोझै जिसिएफ र अनुकूलन कोषजस्ता जलवायुका ठूला अन्तर्राष्ट्रिय कोषमा सोझै पहुँच पुऱ्याउने अधिकार पाएको छ ।

एनटिएनसीका अध्यक्षसमेत रहेका वन तथा वातावरणमन्त्री ऐनबहादुर शाही ठकुरीले कोपमा एनटिएनसी अनुकूलन कोषको एनआइईको रूपमा छनोट भएको घोषणा हुनुले जलवायु अनुकूलनका राष्ट्रिय नीति कार्यान्वयन तथा प्राथमिकता सम्बोधन गर्न र आवश्यक पर्ने वित्तीय स्रोत व्यवस्थापनका लागि सहज हुने बताए ।

(क्रमशः पृष्ठ २ मा)

पृष्ठ १ बाट क्रमशः

## 'बिआरआई'ले...

बजार दरमा ऋण लिएर, अन्तर्राष्ट्रिय प्रतिस्पर्धा पनि नहुने र सप्लाइ पनि उनीहरूले नै गर्ने हुनाले ऋण लिनु हुन्न,' महतले भने ।

यता एमाले भने जसरी पनि बिआरआई सम्झौता सकार्नुपर्ने पक्षमा देखिन्छ । नेपालले २०७४ वैशाखमा बिआरआईमा हस्ताक्षर गरेको थियो । अरु नियोगहरूबाट ऋण लिँदा चीनको बहिस्कार गर्नपर्छ भन्ने पक्षमा नेपाल लाग्न नहुने एमाले विदेश विभाग प्रमुख रघुवीर महासेठ बताउँछन् । 'जुन ब्याजमा हामीले विश्व बैंकबाट लिन्छौं त्यसैको वरिपरि लिँदा हामीलाई के आपत्ति हुन्छ ?,' महासेठले प्रश्न गरे ।

बिआरआई अघि बढे अमेरिकी परियोजना 'स्टेट पार्टनरसिप प्रोग्राम(एसपिपी)' लाई पनि अघि बढाउनुपर्ने पक्षमा कांग्रेस देखिन्छ । यसअघि कांग्रेस सभापति देउवाकै पालामा एसपिपी अघि नबढाउने निर्णय गरेको थियो ।

■■■

## न्याय निरुपण...

कमिटी प्रवक्ता तथा पूर्वन्यायाधिवक्ता खम्बबहादुर खातीका अनुसार समयको सीमालाई ख्याल गरेर 'सर्ट लिस्ट' गर्दै एउटा सूची बनाउने र त्यसमा पनि सुझाव लिएर परिमार्जन गर्दै पदाधिकारी छनोट प्रक्रिया अघि बढाइरहेको छ । तर, राजनीतिक नेतृत्व तहमा शान्ति प्रक्रियाका बाँकी कार्यभार पूरा गर्ने इच्छाशक्ति हुनुपर्ने छ ।

विस्तृत शान्ति सम्झौतामा माओवादी जनमुक्ति सेना समायोजन तथा हतियार व्यवस्थापन, संविधानसभा चुनाव र संक्रमणकालीन न्याय टुंगोमा पुर्‍याउने भनिएको थियो । यसमध्ये जनमुक्ति सेनाहरू अनमिनले प्रमाणीकरण गरेर नेपाली सेनामा समायोजन भइसकेका छन् । हतियार व्यवस्थापन भइसकेको छ । संविधानसभाको चुनाव त दुईपटक भएर ८ वर्षअघि ३ असोज २०७२ मा त संविधान नै निर्माण भयो । हाल कार्यान्वयनमा छ । यसबीचमा राजनीतिक व्यवस्था परिवर्तन भएर संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएको छ । देशको राष्ट्रप्रमुख राजा नभएर राष्ट्रपति हुने प्रावधान छ । तर, द्वन्द्वकालीन गम्भीर प्रकृतिका मानव अधिकार उल्लंघन घटनाका दोषीलाई कानुनी दायरामा ल्याइएको छैन । पीडितहरू झण्डै दुई दशकदेखि न्यायको पर्खाइमा छन् ।

यस विषयलाई अन्तर्राष्ट्रिय समुदायहरूले पनि चासोका साथ हेरेका छन् । शान्ति सम्झौतामा सम्झौता भएको मितिले ६० दिनभित्र सूचना सार्वजनिक गरी दुवै पक्षद्वारा बेपत्ता पारिएका व्यक्ति तथा युद्धका समयमा मारिएकाको वास्तविक नाम, थर र ठेगाना सम्बन्धित परिवारजनलाई बुझाउने उल्लेख थियो । त्यसका लागि मानवताविरुद्धको अपराधमा संलग्नको सत्य अन्वेषण गरी दोषीलाई कारबाही गर्ने उद्देश्यले छ महिनाभित्र आयोग गठन गर्ने भनिएको थियो । तर, २७ माघ २०७१ मात्रै सरकारले बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग र सत्य निरूपण तथा मेलमिलाप आयोग गठन गर्‍यो ।

सत्य निरूपणको पहिलो अध्यक्ष सूर्यकिरण गुरुङ भए । बेपत्ता आयोगको भने लोकेन्द्र मल्लिक अध्यक्ष थिए ।

दुई वर्ष अवधि तोकिए पनि एकपटक म्याद थप भएको थियो । त्यसबेला दुवै आयोगले उजुरी लिए । बाँकी केही भएन । बेपत्तामा तीन हजार उजुरी परेको छ । ६० हजार बढीले सत्य निरूपणमा उजुरी दिए । उजुरीउपर कारबाही भएन । यसपछि २०७६ सालको माघमा गणेशदत्त भट्टको नेतृत्वमा सत्य निरूपण र युवराज सुवेदीको अध्यक्षतामा बेपत्ता आयोग पुनःगठन भए । दुवै आयोगले दुई वर्ष काम गरे । त्यसपछि म्याद थप भएन । आयोग पदाधिकारीविहीन बने ।

अन्ततः सरकारले दुवै आयोगसम्बन्धी ऐनलाई पीडितमैत्री ढंगले संशोधन गरेको दाबी गर्दै आयोग पुनःगठन गर्न थालेको छ । तर, कहिले ? प्रश्न उठेको छ ।

सुरुवाती चरणमा शान्ति प्रक्रियाको काम थाल्न भनेर सरकारले शान्ति तथा पुनर्निमाण मन्त्रालय गठन गरेको थियो । शान्ति मन्त्री माओवादीबाट जनार्दन शर्मा, वर्षमान पुन, पम्फा भुसाल, टोपबहादुर रायमाझी, सत्य पहाडी, विश्वनाथ शाह भए । कांग्रेसबाट हालका राष्ट्रपति रामचन्द्र पौडेल, नरहरि आचार्य र सीतादेवी यादव शान्तिमन्त्री भए । द्वन्द्वका दुई पक्षबीच मेलमिलाप गराउने कार्यमात्रै त्यसबेला प्रभावकारी ढंगले भयो ।

कांग्रेस नेता अर्जुननरसिंह केसीले अब भने द्वन्द्वपीडितलाई न्याय दिने र दोषीलाई कारबाही गर्ने प्रक्रिया मात्रै बाँकी रहेको बताए । उनले भने, 'द्वन्द्वको घाउ बोकेको २० वर्ष हुन लाग्यो । न्यायमा विलम्ब गर्नु हुँदैन । अब छिटो आयोगलाई पदाधिकारीयुक्त बनाएर न्याय दिने प्रक्रियामा छिर्नुपर्छ ।' माओवादीले १ फागुन २०५२ मा सशस्त्र विद्रोह गरेको थियो । १० वर्षसम्म चलेको विद्रोहमा १७ हजार बढीले ज्यान गुमाए ।

■■■

## अब अनुकूलन...

'अनुकूलन कार्यक्रम छनोट र सञ्चालनका लागि एनटिएनसीको कार्यदक्षता र क्षमताका आधारमा अनुकूलन कोषबाट एनआइईको रूपमा छनोटमा परेको हो, यो मुलुककै हितमा रहेको छ,' उनले भने, 'अब थप सहकार्य र समन्वयनबाट अनुकूलनका योजनाको छनोट गर्ने छौं ।'

कोपमा भाग लिन बाकुमा रहेका वन तथा वातावरण मन्त्रालयका सचिव डा. दीपककुमार खरालले जलवायु अनुकूलन कोषबाट सोझै रकम ल्याउनका लागि र सरल पहुँच सुनिश्चितताका लागि बाटो खुलेको बताए । 'एनटिएनसी एनआइईका रूपमा छनोटमा पर्नु नेपालका लागि ठूलो उपलब्धि हो, अब अनुकूलन कोषमा पनि नेपालको सोझै पहुँच स्थापित हुनु हाम्रा लागि गर्वको कुरा हो,' उनले भने, 'तर यसो, भन्दै अनुकूलन कोषको रकम नेपालले पाइहाल्छ भन्ने होइन, हामीले अनुकूलनसम्बन्धी परियोजनाको खाका बनाएर प्रस्तुत गर्नुपर्छ, परियोजना छनोट भएको खण्डमा अनुकूलन कोषले वित्त प्रवाह गर्ने संयन्त्रको रूपमा छनोट गरेको एनटिएनसीमार्फत वित्त नेपालमा ल्याउन सकिने भयो ।'

एनटिएनसीका सदस्यसचिव डा. नरेश सुवेदीले अनुकूलन कोषको एनआइई हुनु एनटिएनसीका लागिमात्रै नभएर मुलुककै लागि गौरव गर्न लायक उपलब्धि रहेको बताए । 'आगामी दिनमा एनटिएनसीले राष्ट्रिय क्षमता विकाससहित जलवायु अनुकूलनसम्बन्धी कार्यहरू गर्नका लागि यस्ता वित्तीय संयन्त्रहरूबाट प्राप्त स्रोतहरूलाई जलवायुजन्य जोखिममा रहेका समुदायलाई लक्षित गरी योजना तर्जुमा तथा कार्यान्वयनमा जोड दिने छौं ।'

एनटिएनसीका जलवायु परिवर्तन विभागका प्रमुख तथा जिसिएफ र अनुकूलन कोष दुवैका सम्पर्क व्यक्ति डा. मनिषराज पाण्डेले एनआइईको रूपमा छनोट हुँदा जलवायु अनुकूलनका योजना कार्यान्वयनका लागि आवश्यक पर्ने अन्तर्राष्ट्रिय वित्तमा सहजरूपमा र सोझै पहुँच पुग्ने भएकाले जलवायु वित्तीय अभाव पूरा गर्न सहयोग गर्ने बताए ।

अनुकूलन कोषका अनुसार एनटिएनसीजस्ता एनआइईमा अहिलेसम्म विश्वभरका ३४ वटा राष्ट्रिय मान्यता प्राप्त निकाय सामेल छन् । जलवायु अनुकूलनका परियोजनाहरू पहिचान, विकास र कार्यान्वयन गर्नका लागि सक्षम रहेका विभिन्न अन्तर्राष्ट्रिय, क्षेत्रीय र राष्ट्रिय निकायलाई अनुकूलन कोषले एनआइईको रूपमा छनोट गर्दै आइरहेको छ ।

लामो र जटिल प्रक्रियापछि अनुकूलन कोषले एनटिएनसीलाई एनआइईको रूपमा छनोट गर्ने घोषणासँगै कोपमा उपस्थित प्रतिनिधि पनि थप उत्साहित भएका छन् । एनटिएनसीले एकीकृत संरक्षण र विकास कार्यक्रमबाट प्रकृति र जैविक विविधता संरक्षण, नवीकरणीय ऊर्जा प्रवर्द्धन, जलवायु परिवर्तन, पर्यापर्यटन, जीविकोपार्जन, सांस्कृतिक सम्पदा संरक्षण, लैंगिक समावेशिता र दिगो विकासका क्षेत्रमा केन्द्रित रहेको पाण्डेको भनाइ छ । 'जसमा स्थानीय समुदायको सक्रिय सहभागिता रहेको छ । एनटिएनसीले संरक्षित क्षेत्र तथा सदर चिडिया खानाको व्यवस्थापनमा काम गर्दै आइरहेको छ,' उनले भने । पाण्डेले आगामी दिनमा जलवायु अनुकूलनका योजना र प्रभावकारी कार्यान्वनमा जोड दिँदै जलवायुका मुद्दा सम्बोधनका लागि काम गरिने बताए ।

### एनआइई के हो ?

राष्ट्रिय कार्यान्वयन एकाइ (एनआइई) जलवायु परिवर्तनसम्बन्धी अनुकलन कोषबाट वित्तीय सहयोग प्राप्त गर्ने, जलवायु अनुकूलनका विभिन्न योजना निर्माण गरी कार्यान्वयन गर्ने अधिकारप्राप्त निकाय हो । यसलाई कुनै पनि देशको सरकार, अर्धसरकारी निकाय वा गैरसरकारी संगठनले प्रतिनिधित्व गर्नसक्ने प्रावधान रहेको छ । स्थानीय, राष्ट्रिय र क्षेत्रीयस्तरमा जलवायु परिवर्तनको प्रभावलाई न्यूनीकरण गर्दै, जनताको जीवनस्तरमा सुधार ल्याउने लक्ष्यका साथ विभिन्न प्रक्रियाहरू पूरा गरी एनआइई छनोट गरिन्छ । विदेशी मध्यस्थताबिना नै आफ्नो मुलुकका जलवायु परिवर्तनका कार्यक्रमको प्राथमिकता निर्धारण गर्न, क्षमताअनुसार योजना र परियोजनाहरू सञ्चालन गर्न सक्ने भन्दै एनआइई छनोट गरिन्छ ।

पाण्डेका अनुसार कोषको प्रभावकारी उपयोग गर्नुपर्ने, जलवायु अनुकूलन कार्यक्रम कार्यान्वयनको अवस्थाबारे पारदर्शिता सुनिश्चित गर्दै सुशासन कायम गर्नुपर्ने र अन्तर्राष्ट्रिय मापदण्ड पूरा गर्नुपर्नेजस्ता छनोट भएका निकायहरूको दायित्व रहन्छ । तोकिएको लक्ष्य प्राप्तिका लागि आगामी दिनहरूमा अझै बढी एनटिएनसी सशक्तरूपमा लागि पर्ने उनको भनाइ छ ।

जलवायु अनुकूलनसम्बन्धी परियोजना तथा कार्यक्रमहरू राष्ट्रिय नीति र स्थानीय आवश्यकताअनुसार कार्यान्वयन गर्नका लागि सबै सरोकारवालाहरूसँग छलफल गरेर अगाडि बढ्ने पाण्डेले बताएका छन् ।

### नेपालका लागि एकाइको महत्त्व

नेपालले पछिल्लो समय, बेमौसमी वर्षा, हिमपहिरो, बाढी पहिरोजस्ता मनसुनजन्य विपद्का घटनाहरू सामना गरिरहेको सन्दर्भमा यस्ता घटनाहरू न्यूनीकरणका लागि अनुकूलन कार्यक्रमको आवश्यकता रहेको बताउँछन्, अनुकूलन कोषका बोर्ड सदस्यसमेत रहेका वन तथा वातावरण मन्त्रालयअन्तर्गत जलवायु व्यवस्थापन महाशाखाका उपसचिव नरेश शर्मा । 'नेपालका लागि जलवायु न्यूनीकरणका कार्यक्रमभन्दा जलवायु अनुकूलनका कार्यक्रम बढी आवश्यक छ, जलवायुजन्य विपद्ले सिर्जित गरेका घटनाहरू सम्बोधन गर्ने लक्ष्यका साथ योजना कार्यान्वयन गर्न जलवायु अनुकूलन कोषबाट बढीभन्दा बढी रकम ल्याउन सक्नु उपयुक्त हुन्छ,' उनले भने, 'नेपालको प्रतिनिधित्व गर्दै एनटिएनसी अनुकूलन कोषबाट एनआइईमा छनोट हुनु नै नेपालका लागि राम्रो नतिजा हो । नेपालको पक्षमा अनुकूलन कोषबाट निकै महत्त्वपूर्ण निर्णय भएको छ ।'

बाढी, पहिरो, सुक्खा, हिमताल विष्फोटजस्ता जोखिम न्यूनीकरण गर्न प्रभावकारी परियोजना कार्यान्वयनका लागि अनुकूलन कोषमा सीधै पहुँच पुग्नु आवश्यक रहेको उनको भनाइ छ । स्थानीय तहमा जनशक्ति र स्रोत साधन परिचालन गर्दै समुदायलाई थप सक्षम बनाउने, अन्तर्राष्ट्रिय कोषको प्रभावकारी व्यवस्थापन गर्दै देशको विकासलाई जलवायु अनुकूल बनाउन सहयोग पुर्‍याउने भएकाले एनआइईको महत्त्व रहेको उनले बताए ।

अनुकूलन कोष र हरित जलवायु कोषमा नेपालको सोझै पहुँच पुग्नु नै महत्त्वपूर्ण उपलब्धिको रूपमा लिन्छन्, जलवायुविद् मञ्जित ढकाल । 'अबदेखि अनुकूलन कोषमा पनि नेपालको सीधै पहुँच पुगेको छ । अनुकूलन कोषमा अहिले धेरै स्रोत छैन । तर कार्बन व्यापारबाट संकलन भएको रकममध्ये पाँच प्रतिशत लेबीबाट यही अनुकूलन कोषमा जम्मा हुनेछ,' उनले भने, 'अब भविष्यमा अनुकूलन कोषको आकार बृहत् हुँदै जाने छ । कोप-२९ को पेरिस सम्झौताअन्तर्गत कार्बन व्यापारलाई कार्यान्वयनमा ल्याउनका बाँकी रहेका नियमहरू बनाएमा निरन्तर स्रोत आउने छ ।'

नेपालमा राष्ट्रिय कार्यान्वयन एकाइ स्थापना गरिँदा अनुकूलनका योजना कार्यान्वयन गर्न जलवायु परिवर्तनका असरसँग लड्न, दिगो विकासका परियोजनाहरू अगाडि बढाउन र जनताको जीवनस्तर सुधार गर्न महत्त्वपूर्ण योगदान गर्न सकिने उनको भनाइ छ । *रासस*

---

## डोटी सवारी दुर्घटना

# क्षतिपूर्तिको माग गर्दै राजमार्ग अवरुद्ध

**डोटी (प्रस)**– सवारी दुर्घटना प्रकरणमा डोटीस्थित केआइसिंह राजमार्ग अवरुद्ध पारिएको छ । अपरिचित गाडीको ठक्करबाट मोटरसाइकलमा सवार दिपायल सिलगढी नगरपालिका-१ सिर्खोलीका ३२ वर्षीय लोकेन्द्र साउदको मृत्यु भएपछि आफन्तले सडक अवरुद्ध पारेका छन् ।

शनिबार साँझ सुपप्र ०३००१ प ०६६८ नम्बरको मोटरसाइकललाई शिखर नगरपालिका-८ खुनस्थित नम्बर नखुलेको बोलेरो जिपले ठक्कर दिँदा मोटरसाइकलमा सवार साउदको मृत्यु थियो भने मोटरसाइकल चालक प्रकेश विक घाइते भएका थिए । दुर्घटनामा परी ज्यान गुमाएका मृतकका परिवारले क्षतिपूर्तिको माग गर्दै सोमबार साँझबाट राजमार्ग अवरुद्ध पारेका हुन् ।

राजमार्ग अवरुद्ध हुँदा डोटी, आछाम र बाजुराबाट अन्यत्र जाने तथा तराईबाट भित्रिने सवारी साधन तथा सयौं यात्रु अलपत्र परेका छन् । अलपत्र परेका यात्रुले यथाशीघ्र अवरुद्ध सडक खोल्नुपर्ने भन्दै दबाब दिइरहेका छन् ।

यता जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक सन्दीप शाहले पीडित पक्षसँग सहमतिका लागि जिल्ला प्रहरी कार्यालयमा वार्ता जारी रहेको जानकारी दिए । प्रहरीले सो दुर्घटनामा संलग्न भएको आशंकामा एक बोलेरो जिप र चालकलाई नियन्त्रणमा लिएर अनुसन्धान गरिरहेको प्रहरी निरीक्षक शाहले बताए ।

---

**Lumbini Provincial Government**
**Ministry of Social Development**
**Directorate of Education and Social Development**

## Social Development Division Office

**Nepalgunj, Banke**

## Invitation for Bids

**IFB No: 10-081/082**
**(First Date of publication: 2081/08/05 (2024/11/20)**

Social Development Division Office Nepalgunj, Banke invites **only electronic bids** from eligible bidders for the following works:

| S.N | Contract No/ Bids No | Description of Works | Estimated Amount without VAT , PS & contingency (NRs.) | Bid Security Amount (NRs.) / | Bid document Price (NRs.) | Type of Bidding |
|---|---|---|---|---|---|---|
| 1. | SDDOBANKE/ W/NCB-11/2081/082 | Construction of Building of Shree Ram Ma.Vi. Kohalpur- 14 Habaldarpur, Banke | 42,24,198.02 | 1,10,000.00 | 3,000.00 | NCB |
| 2. | SDDOBANKE/ W/NCB-12/2081/082 | Construction of Boys & Girls Hostel Building of Prabhat Ma. Vi. Baijanath-05 G-Gaun, Banke | 42,30,297.88 | 1,10,000.00 | 3,000.00 | NCB |
| 3 | SDDOBANKE/ W/NCB-13/2081/082 | Construction of Canteen Building & incomplete admnistration Building of Laxmi Ma.Vi. Kohalpur- 02 Bardahwa, Banke | 1,06,18,130.67 | 3,10,000.00 | 3,000.00 | NCB |

| Last date and time for purchase of Bid Document and bid submission | Date, Time and place of Bid Opening |
|---|---|
| 2081/09/05B.S. (2024/12/20AD); up to 12:00 PM; Social Development Division Office Nepalgunj, Banke (electronic) | 2081/09/05 B.S. (2024/12/20 AD); up to 1:00 PM; Social Development Division Office Nepalgunj, Banke (electronic) |
| Bid security validity period | 30 days beyond Bid validity period |
| Date, Time and Place of pre-Bid Meeting | 2081/08/25 B.S. (2024/12/10 AD); 1:00 PM; Social Development Division Office Nepalgunj, Banke |
| Account No. for bid document purchase/ Bid Fee | **Bank name:**RastriyaBanijaya Bank, Nepalgunj Branch<br>**Account Name:** Province Financial Unit Office, Nepalgunj (Pra. Le. E. Ka.)<br>**Revenue (rajaswa) Account Number:** 100010020001000<br>**Office Code:** 3500057025 (Social Development Division Office NepalgunjBanke)<br>**Revenue (rajaswa) Heading number:** 14229<br>**Revenue (rajaswa) Amount:** Rs.3,000/-<br>(mentioned purpose of deposit stating contract no. clearly) |
| Account No. for bid security deposit | **Bank Name:** RastriyaBanijaya Bank, Nepalgunj Branch<br>**Account Name:**Province Financial Unit Office, Nepalgunj (Pra. Le. E. Ka.)<br>**Account Number:** 4130100202030000 (Dharauti khata)<br>**Office Code:** 3500057025 (Social Development Division Office NepalgunjBanke) |

1. Bidders shall submit their Bids electronically only. For e-bidding visit **PPMO's** e-procurement web portal **https://www.bolpatra.gov.np/egp** and for additional information please inspect the bidding documents at the Social Development Division Office Nepalgunj, Banke.
2. Social Development Division Office Nepalgunj, Banke reserves the right to accept or reject any Bids without assigning any reasons what sever, other terms and conditions not covered here will be in accordance to PPA-063 and PPR-064.
3. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Officer**

---

**धितोपत्र ऐन, २०६३ र विशिष्टिकृत लगानी कोष नियमावली, २०७५ बमोजिम संस्थापित "रिलायबल प्राइभेट इक्वीटी फण्ड" को इकाईधनीहरुको**

## प्रथम वार्षिक सभा सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८१/०७/२७ गते**

यस रिलायबल प्राइभेट इक्वीटी फण्डको मिति २०८१ कार्तिक २१ (तदनुसार 6th November 2024) गते बसेको कोषको बोर्डको दोश्रो बैठकको निर्णयानुसार यस इकाईधनीहरुको प्रथम वार्षिक सभा निम्न लिखित मिति, समय र स्थानमा निम्न प्रस्तावहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा रिलायबल प्राइभेट इक्वीटी फण्डको विधानको दफा १९ अनुसार सम्पूर्ण इकाईधनी महानुभावहरुको जानकारी एवं रितपूर्वक प्रतिनिधि वा इकाईधनी स्वयं उपस्थितीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, समय र स्थान**

मिति : २०८१ साल मंसिर १९ गते, बुधबार (तदनुसार 4th December 2024, Wednesday)

समय : अपरान्ह ४:०० बजे ।

स्थान : अकामा होटल, धुम्बाराही, काठमाडौं (अनलाईन माध्यमबाट सहभागी हुन चाहने इकाईधनी महानुभावहरुले Zoom Meeting को ID/Password को लागि सम्पर्क गर्न अनुरोध छ) ।

**छलफलका विषयहरु**

**(क) साधारण प्रस्तावहरु:**

१. कोषको कार्य सम्पादन रणनीति एवं कामकारवाहीको समीक्षा गर्ने सम्बन्धमा ।
२. कोषको लेखापरीक्षण गरिएको वित्तीय विवरण सहितको वार्षिक प्रतिवेदन २०८०/०८१ पारित गर्ने सम्बन्धमा ।
३. आर्थिक वर्ष २०८१/०८२ को लागी लगानीहरुको स्वतन्त्र मूल्याङ्कनकर्ता नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
४. विशिष्टीकृत लगानी कोष नियमावली, २०७५ को नियम २८ बमोजिम आर्थिक वर्ष २०८१/०८२ को लेखापरीक्षण कार्यको लागि लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
५. कोषको बोर्डको नियुक्ति एवं कोषको बोर्डका सदस्यहरुको बैठक भत्ता स्वीकृत गर्ने सम्बन्धमा ।

**(ख) विविध ।**

**कोषको बोर्डको आज्ञाले**
**कोष व्यवस्थापक**

RELIABLE VENTURE CAPITAL LIMITED
बालुवाटार, काठमाडौं, नेपाल, फोन: ०१ ५९११२९७
इमेल: info@reliableventure.com.np

---


**साउदीमा रोजगार** कम्पनी : Establishment MISAGH AFAAQ For Rental

पूर्व स्वीकृति मिति : २०८१/०८/०४ LT. No. 313873 चलानी नं. ६०२२८२७८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Drivers | 2 | 0 | 1800 | ६४,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ मंसिर १२ गते (27th Nov. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

JERRY MANAGEMENT SYSTEM Pvt. Ltd. Govt. License 1031/068/69
Dhobhighat-4, Lalitpur. Tel: +977-1-5153487, Fax: 01-5524634
Web : www.jerryms.com, Email: jerryms03@gmail.com

---

**बहराईनमा रोजगार** कम्पनी : SEOUL RESTAURANT W.L.L.

पूर्व स्वीकृति मिति : २०८१/०५/२० पुन विज्ञापन स्वीकृति मिति : २०८१/०८/०४ LT. No. 310266 चलानी नं. ६०२२४८९१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब BD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | KITCHEN AIDE | 2 | 0 | 130 | ४६,३३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | WAITER | 3 | 5 | 130 | ४६,३३० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ मंसिर १२ गते (27th Nov. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

K & C International Pvt. Ltd
Govt. Reg. No. 699/063/064
Lazimpat-2, Kathmandu, Nepal Tel: +977-1-4440633

---

**साइप्रसमा रोजगार** कम्पनी : D.I. Main-line Job Agency

पूर्व स्वीकृति मिति : २०८१/०३/२० पुन विज्ञापन स्वीकृति मिति : २०८१/०८/०४ LT. No. 307196 चलानी नं. ६०२१४००८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब EUR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waiters | 10 | 10 | 1000 | १४२,७१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय ललितपुरमा मिति: २०८१ मंसिर १२ गते (27th Nov. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | ८०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LANGTANG OVERSEAS PVT.LTD.
Basundhara-3, Kathmandu, Nepal, Tel: 01-5903079, 9849442132, 9818497796
Email: info.langtangoverseas@gmail.com, Web: www.langtangoverseas.com
Govt. License 1643/080/081

# शान्ति प्रक्रियालाई शीघ्र टुंग्याउनुपर्नेमा आयोगको जोड

**काठमाडौं (प्रस)–** राष्ट्रिय मानवअधिकार आयोगले विश्वसनीय आयोग गठन गरी शान्ति प्रक्रियालाई शीघ्र टुंगोमा पुर्‍याउन सरकारसँग अनुरोध गरेको छ ।

साथै आयोगले पीडितको सन्तुष्टिमा ध्यान केन्द्रित गर्न आग्रह गर्दै आफ्ना विगतका सिफारिस कार्यान्वयन गर्न तथा अन्तर्राष्ट्रिय अभ्यास एवं मान्यताबमोजिम शान्ति प्रक्रिया टुंग्याउन अनुरोध गरेको छ ।

सरकार र तत्कालीन नेकपा माओवादीबीच विस्तृत शान्ति सम्झौताबाट प्रारम्भ भएको शान्ति प्रक्रियाको १८ वर्ष भएको सन्दर्भमा आयोगका प्रवक्ता डा. टीकाराम पोखरेलले मंगलबार जारी गरेको प्रेस विज्ञप्तिमा पीडितलाई'न्याय गरिने' राष्ट्रिय एवं अन्तरराष्ट्रिय प्रतिबद्धता पूरा गर्न सरकारको ध्यानाकर्षण गराइएको छ ।

बेपत्ता पारिएका व्यक्तिको छानबिन र सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ हालै संसद्बाट संशोधन भई रिक्त आयोगहरू गठनको प्रक्रिया अगाडि बढाउनुलाई आयोगले सकारात्मक रूपमा लिएको जनाइएको छ । सरकार र तत्कालीन नेकपा माओवादीबीच २०६३ मंसिर ५ गते भएको विस्तृत शान्ति सम्झौता भएको थियो ।

# विष्णुमती करिडोरको टहरामा राखिएका ८२ पसल हटाइयो

**काठमाडौं (प्रस)–** टोखा नगरपालिका-९ नयाँ बसपार्कस्थित विष्णुमती करिडोरमा अवैधरूपमा सञ्चालन भएका ८२ टहरा हटाइएको छ । नगरपालिकाले मंगलबार नयाँबसपार्क पुलदेखि सामुदायिक सेवा केन्द्रसम्म विष्णुमति खोला करिडोरमा निर्माण गरी सञ्चालनमा रहेका ८२ टहरा पसल हटाएको हो । नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत शेरबहादुर विसीले विष्णुमति नदी करिडोरलाई सुन्दर र व्यवस्थित बनाउनका लागि त्यस आसपासमा निर्माण गरिएका अस्थायी संरचना हटाइएको जानकारी दिए ।

'सार्वजनिक जग्गा मिचेर नदीको किनारामा निर्माण गरिएका संरचना डोजर लगाएर हटाइएका हौं,' उनले भने । नगरपालिकाले सार्वजनिक जग्गा संरक्षण गर्नका लागि वडा नं ४ का वडाध्यक्ष धर्मेन्द्र श्रेष्ठको संयोजकत्वमा 'सार्वजनिक जग्गा संरक्षण समिति' निर्माण गरी सार्वजनिक जग्गा मिचेर अवैधरूपमा निर्माण गरिएका संरचना हटाएको हो ।

नगरपालिकाका प्रमुख प्रकाश अधिकारीले टोखावासीलाई विष्णुमती करिडोरबाट आवतजावत लागि सहज होस् भन्ने उद्देश्यले डोजर लगाइएको बताए । टोखाभित्र एक हजारभन्दा बढी रोपनी सार्वजनिक जग्गा अतिक्रमण भएको भन्दै यसलाई संरक्षण गर्ने योजना नगरपालिकाको रहेको उनको भनाइ थियो ।

नगरपालिकाकी उपप्रमुख मुरारी तामाङले टोखाभित्रको सार्वजनिक सम्पत्ति संरक्षणका लागि नगरपालिकाले काम गरिरहेको बताइन् । नगरपालिकाले पहिलो चरणमा मनोरथ तीर्थदेखि टोखा प्रहरी चौकीसम्म विष्णुमति करिडोर आसपासमा निर्माण गरिएका संरचना हटाएको थियो । नगरपालिकाले केही दिनअघि सूचना जारी गरेर सार्वजनिक जग्गामा बनेका संरचना हटाउन नगरवासीलाई आग्रह गरेको थियो ।

## नाम परिवर्तन सम्बन्धि सूचना

दोस्रो पटक प्रकाशित मिति: २०८१/०८/०५

कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७०/१०/२९ बमोजिम यस स्कुल लाङ्गटाङ्ग हिम्स प्रा. लि. को साविकको नाम परिवर्तन भई निर्माण नेपाल रेसिडेन्सियल स्कूल प्रा. लि. भएको जानकारी गराउँदछु ।

## मोटरसाइकल हराएको सूचना

मिति २०८१।०७।२७ गते का.जि. बशुन्धारा ओरीयन्ट कलेज अगाडीबाट सिल्भर मेटालिक मेट रङ्को 200 cc KTM Duke मोटरसाइकल हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु ।

**धनीको नाम :** प्रतिभा गुरुङ
**बाइक नं.:** बा.प्र. ०२-०४९ प ७९९९
**च्यासिस नं.:** MD2JPCXL1RN074829
**इन्जिन नं. :** R936-09827
**ठेगाना:** बन्दिपुर-५, तनहुँ
**सम्पर्क:** ९८०३८४३४४५

# डडेलधुरामा जिप दुर्घटनाः दुईको मृत्यु, सात घाइते



**काठमाडौं (प्रस)–** डडेलधुरामा जिप दुर्घटना हुँदा दुई जनाको मृत्यु भएको छ । कञ्चनपुरको दैजीबाट परशुराम नगरपालिका आइरहेको जिप परशुराम नगरपालिका-९ स्थित दैजी-जोगबुढा सडकखण्डको लिप्नामा मंगलबार दुर्घटना हुँदा दुई महिलाको मृत्यु भएको हो ।

इलाका प्रहरी कार्यालय जोगबुढाका अनुसार महेन्द्रनगरबाट सलेता आउँदै गरेको लु१ज ४५७९ नम्बरको जिप सडकबाट ३० मिटर तल खसेको हो । दुर्घटनामा सात जना घाइते भएका छन् । तीमध्ये गम्भीर अवस्थामा रहेका चारजनालाई उपचारका लागि धनगढी लगिएको र घटनाको विवरण आउन बाँकी रहेको प्रहरीले जनाएको छ । मृतक र घाइतेको पहिचान खुल्न बाँकी छ ।


## साउदिमा रोजगार

कम्पनी: FOAM AL MAALI CAR WASH
पूर्व स्वीकृत मिति : २०८१/०८/०२ | LT. No. 313630 | चलानी नं ६०२२८२३२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओरटाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Vehicle Cleaning Labour | 4 | 0 | 1000 | ३५,९९३ | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | क. नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: AL-FAHRS AL-LULUI GENERAL CONTRACTING COMPANY
पून स्वीकृत मिति : २०८१/०८/०४ | पूर्व स्वीकृत मिति : २०८०/०१/१२ | LT. No. 303707 | चलानी नं ६०२२८२३३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओरटाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LOAD AND UNLOAD WORKERS | 4 | 0 | 1000 | ३५,९९३ | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | क. नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ मंसिर १२ गते (27 Nov. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने /नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोषकसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रु. २३०८/- कामदारले तिर्ने | रु. १५००/ कामदार आफैंले | १०,०००/- | रु. ७००/- कामदारले तिर्ने | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसँग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**INNOVATIVE HUMAN RESOURCE DEVELOPMENT PVT. LTD.**
Address Kathmandu metropolitan city -04 Dhumbarahi, Kathmandu
Phone no 014542285, 014542232, Mobile 9801049208,9801049209,9801049210
श्रम ईजाजत नं. 815/066/67

## कतारमा रोजगार

कम्पनी: SHAQAB ABELA CATERING SERVICES CO.
पूर्व स्वीकृत मिति : २०८१/०८/०४ | LT. No. 313898 | चलानी नं ६०२२८२८०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओरटाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Gen Clean Worker | 50 | 0 | 1000 | ३७,२२६ | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | क. नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ मंसिर १२ गते (27 Nov. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने /नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोषकसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रु. २३०८/- कामदारले तिर्ने | रु. १५००/ कामदार आफैंले | नि:शुल्क | रु. ७००/- कामदारले तिर्ने | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसँग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**POWER EMPLOYMENT PVT. LTD.**
Sinamangal, Kathmandu, GPO Box : 43435, Ph. : 01-4483830, 4488308
Email : poweremployment .np@gmail.com
Lic. No.: 1194/073/074


## बेदकोट नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

सिसैया, कन्चनपुर
सुदुरपश्चिम प्रदेश, नेपाल

### बोलपत्र प्रस्ताव स्वीकृत गर्ने आशयको सूचना

(प्रकाशित मिति: २०८१ /०८/०५)

यस कार्यालयबाट प्रकाशित निम्न ठेक्का सम्बन्धी सूचना र तत्पश्चात रितपूर्वक दर्ता भएका बोलपत्र उपर कारवाही हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) को प्रयोजनार्थ यो बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशित गरिएको छ ।

| सि.नं | ठेक्का संकेत न. | बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (भ्याट र पी.एस. सहित) | कैफियत |
|---|---|---|---|---|
| १. | **BED/NCB/BTW/081/82-01** *Pan Bahadur Bam ko Ghar Dekhi Ganesh Bam ko Ghar Samma Sadak Kalopatre Bedkot-8, Kanchanpur* | **S.A.N. Brothers Nirman Sewa Pvt.Ltd, Dhangadhi Kailali** | ४०,८६,४४३५।६० | |

प्रमुख प्रशासकीय अधिकृत

# Belbari Municipality
## Office Of the Municipal Executive

Belbari, Morang
Koshi Province, Nepal

### Letter of Intent

Publish Date: 2024/11/17

This is an official notice from the Belbari Municipality Office regarding the approval of the submitted bids for various construction projects as published in the National Daily Newspaper on the first announcement. The listed bidders is hereby selected as substantially responsive lowest evaluated bid among the submitted proposals for the respective projects. Approval is granted under Clause 27 (2)& Clause 47 of the Public Procurement Act, 2063. This notification provides a complete list of approved bids.

| SN | IFB No. With Project Name | Bidder Name | Bid Price Without Vat & PS | Remarks |
|---|---|---|---|---|
| 1 | BM/MOR/W/NCB-06-2081/082, Anam chowk batw paschim janebato kalopatre | Chandrasurya Nirman Sewa , Biratnagar -08 | NRS 35,79,600.00 | |
| 2 | BM/MOR/W/NCB-07-2081/082, Chandni chowk amanchowk hudai nalbari ward no 8,9,10 rw 4 jodne bato kalopatre | Simran infrastructure & suppliers Pvt. Ltd. Bhaktapur | NRS 67,63,417.20 | |

**Chief Administrative Officer**


## युएईमा रोजगार

कम्पनी : ANSON CONSTRUCTION LLC
शहर : Al Barsha Heigh
पूर्व स्वीकृति मिति : २०८१/०५/१३ | पुन: स्वीकृति मिति : २०८१/०८/०४ | LT. No. 309568 | चलानी नं.६०२२४३३६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Electrician. | 5 | 0 | 1200 | ४३,८४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Helper Electrician | 5 | 0 | 1000 | ३६,५४० | | | | | | | |
| 3 | Messenger Boy | 5 | 0 | 1200 | ४३,८४५ | | | | | | | |
| 4 | Plumber | 5 | 0 | 1200 | ४३,८४५ | | | | | | | |
| 5 | Plumber Helper | 2 | 0 | 1000 | ३६,५४० | | | | | | | |
| 6 | Stone Mason | 3 | 0 | 1200 | ४३,८४५ | | | | | | | |
| 7 | Welder | 4 | 0 | 1200 | ४३,८४५ | | | | | | | |

TILOTAMA INSTITUTE OF TRAINING CENTER , NAYA Mil - 4 RUPANDEHI मिति: २०८१ मंसिर १२ गते (27th Nov. 2024) मा हुनेछ
MOBILE NUMBER : 9857043161 AND 9847303199
GULF TRAINING CENTER , NAJRANG CHOWK - 08 , JANAKPUR मिति: २०८१ मंसिर १२ गते (27th Nov 2024) मा हुनेछ ।
VENUE : SUNSARI MULTIPLE TRAINING CENTER, ITAHARI - 06, SUNSARI मिति: २०८१ मंसिर १३ गते (28th Nov. 2024) मा हुनेछ।
VENUE : C.P HOTEL, BIRTAMOD - 1, JHAPA मिति: २०८१ मंसिर १५ गते (29th Nov. 2024) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**AMCON OVERSEAS PVT LTD**
Chappal Karkhana, Kathmandu, Tel: 01-4373522, 4373977
E-mail: amconoverseas123@gmail.com
श्रम ईजाजत नं. ६८४/०६३/०६४


## अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस **डेल्टा ग्रुप प्रा.लि.** ले कम्पनीले चीनबाट पैठारी गरेको निम्न वस्तुको अधिकतम खुद्रा बिक्री मूल्य (MRP) निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

तपसिल

| सि.नं. | मालबस्तुको विवरण | आकार/प्रकार | ब्राण्ड | मोडल | उत्पतिको मुलुक | इकाई | प्रति ईकाई मूल्य | अधिकतम खुद्रा बिक्री मूल्य (MRP) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Range Hood | Domestic | Delta Air fresh | HX 9004 | China | Pcs | 10,078.41 | 11,500.00 | |
| 2 | Ranger Hood | Domestic | Delta Air fresh | HS 9001 | China | Pcs | 13,590.98 | 14,500.00 | |
| 3 | Ranger Hood | Domestic | Delta Air fresh | HC6004 | China | Pcs | 11,302.91 | 12,500.00 | |
| 4 | Ranger Hood | Domestic | Delta Air fresh | JY-C9086 | China | Pcs | 18,665.98 | 19,500.00 | |
| 5 | Ranger Hood | Domestic | Delta Air fresh | JY-C9235 | China | Pcs | 19,693.97 | 20,500.00 | |
| 6 | Ranger Hood | Domestic | Delta Air fresh | JY-C6019 | China | Pcs | 17,793.33 | 19,000.00 | |
| बिक्रेताको नाम: डेल्टा ट्रेड ग्रुप प्रा.लि. | | | | | | एक्जीम कोड नं: 6198212940195NP | | | |
| ठेगाना: काठमाडौं, नेपाल | | | | | | फोन नं: 01-5225094 | | | |

## मण्डनदेउपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

महादेवस्थान, काभ्रेपलाञ्चोक
फोन नं. ०११४१२११३

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(प्रथम पटक प्रकाशित मिति २०८१/०८/०५)

यस कार्यालयबाट प्रकाशित निम्न बोलपत्र (ठेक्का) सम्बन्धि सूचना र तत्पश्चात online मार्फत् रीतपूर्वक दर्ता भएका बोलपत्र उपर कारवाही हुँदा देहायका बोलपत्रदाताहरूको प्राविधिक प्रस्ताव स्वीकृत भई निम्न मिति र समयमा यस कार्यालयमा आर्थिक प्रस्ताव खोलिने भएकोले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१(ङ) उपनियम (५) को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल:

**Project Title: Fedi Baikalpik Sipaghat Sadak**
Contract No: 01/Works/NCB/MDM/081/82

| क्र.सं. | प्राविधिक प्रस्ताव स्वीकृत भएका बोल्पत्रदताको नाम/ठेगाना |
|---|---|
| 1 | A.L is Well Construction Pvt.Ltd |
| 2 | ABIJ-FATIKESHWOR J/V, Balaju |
| 3 | Buwase-Aron J/V, Kathmandu |
| 4 | API-Ganga and Singh J/V, Daraune pokhari-04, Kavre |
| 5 | Bikesh-Rehan J/V, |
| 6 | U&S Construction, Majhi Feda Kavre |
| 7 | Deuti Bajai-Niruj Himchuli J/V, Kavre |
| 8 | Samjhana Engineering & Builders Pvt.Ltd. |
| 9 | THAMSERKU-HIMAL-JYANG J/V, Pokhari Narayansthan, Kavre |
| 10 | RR-Kapil J/V, BPM-1 |
| 11 | MANSA/RAHUL J/V, Kavre |
| 12 | Mahadev-Dharmadevi-Kavre J/V, Mandandeupur-11, Kavre |
| 13 | Amarjyoyi Construction Pvt.Ltd, Panauti-03,Kavre |
| 14 | New k.P-Dibas J/V, New Baneshwor |
| 15 | R.K Construction Service, Madhyapur Thimi-09,Bhaktapur |

**Project Title: Fedi chandeni haldechhap Sadak**
03/Works/NCB/MDM/081/82

| क्र.सं. | प्राविधिक प्रस्ताव स्वीकृत भएका बोल्पत्रदताको नाम/ठेगाना Contract No: |
|---|---|
| 1 | G.D/Subham/Suvaramva J/V, Sindhupalchowk |
| 2 | Himalayan/Jyang Chhyup/J.A Engineering J/V |
| 3 | Buwase-Aron J/V, Kathmandu |
| 4 | GAURA-SUDESHNA J/V, Malamchi Sindhupalchowk |
| 5 | Bhagawati Nirman Sewa(P)Ltd, Kharelthok-08 Kavre |
| 6 | MANSA/RAHUL J/V, Kavre |
| 7 | Amarjyoyi Construction Pvt.Ltd, Panauti-03, Kavre |
| 8 | G Tech/Jay Kalika J/V, Kathmandu-15 |
| 9 | Golmadevi/Prema J/v, Melamchi-11 |

**Project Title: Nayagau Khasre Nagarkot Sadak**
Contract No:02/Works/NCB/MDM/081/82

| क्र.सं. | प्राविधिक प्रस्ताव स्वीकृत भएका बोल्पत्रदताको नाम/ठेगाना |
|---|---|
| 1 | G.D/Subham/Suvaramva J/V, Sindhupalchowk |
| 2 | Rukmini/SNS J/V, Radhe Radhe-09 Bhaktapur |
| 3 | GAURA-SUDESHNA J/V, Malamchi Sindhupalchowk |
| 4 | U&S Construction, Majhi Feda Kavre |
| 5 | Raul/ABS-J/v, Kavre |
| 6 | Amarjyoyi Construction Pvt.Ltd, Panauti-03, Kavre |
| 7 | Himalayan Cross Road, Pokhari Narayansthan, Kavre |

आर्थिक प्रस्ताव खोल्ने मिति, समय र स्थान
मिति : २०८१/०८/१२ गते बुधबार
समय : दिनको १ बजे
स्थान : मण्डनदेउपुर नगर कार्यपालिकाको कार्यालय, महादेवस्थान काभ्रे ।

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

## सामाजिक सञ्जाल साक्षरता बढाऊ

विराटनगरस्थित बी एण्ड सी मेडिकल कलेजका सञ्चालक दुर्गा प्रसाईं राजनीतिक आडमै मैमत्त अगाडि बढेका थिए । कुनैबेला नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली र माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाललाई भेट गराई मार्सीको भात खुवाएपछि चर्चामा आएको थिए उनी । पछि उनी नेकपा एमालेको केन्द्रीय सदस्य नै बने । एमाले केन्द्रीय सदस्यकै हैसियतमा राजावादी अभिव्यक्ति दिएका कारण उनलाई पार्टीबाट निष्काशन गरियो । पछिल्लोपटक सहकारीको २० लाख रूपैयाँभन्दा कम रकमको ऋण मिनाहा गर्नुपर्ने भन्दै आन्दोलन गर्दै आएका उनीमाथि प्रहरीको निगरानी थियो नै ।

एमालेले निष्काशन गरेपछि राजावादी कित्तामा उभिएर उनले अहिलेका प्रधानमन्त्री ओलीको लगानी कम्बोडियाको टेलिकममा रहेको आरोप लगाउँदै आएका थिए । त्यतिबेला प्रसाईं मेडिकल कलेज सञ्चालनको माग गर्दै आन्दोलनमा रहेकाले धेरैले उनको असन्तुष्टि मनन गरेका थिए । तर पछि उनी अराजक बन्दै गए । यतिसम्म कि सर्वोच्च अदालतपरिसरमा प्रसाईं हतियारसहित पुगेका थिए । यस्ता अराजक गतिविधिमासमेत सरकारले प्रसाईंलाई उन्मुक्ति दिँदै आएको थियो ।

पछि गत असोजमा उनी एक महिलाको चरित्र हत्या आरोपमा पक्राउ परेका थिए । असोज ६ मा पक्राउ परेका उनी नौ दिनपछि एक लाख रूपैयाँ धरौटीमा छुटे । केही न केही गरेर आफू चर्चामा आउन चाहने 'एटेन्सन सिकर'का रूपमा प्रसाईं देखिन्थे । युटच्युब भिडियो र सनसनीपूर्ण अभिव्यक्ति दिएर हरेक दिन चर्चामा आउन चाहने दुर्गाले सोमबार भने प्रधानमन्त्री ओलीमाथि गम्भीर आरोप लगाउँदै भिडियो र प्रमाणस्वरूप केही कागजातसमेत सार्वजनिक गरे ।

कम्बोडियाको स्मार्ट एक्जियटा टेलिकममा ओलीको २१ करोड अमेरिकी डलर बराबरको लगानी रहेको दाबी गर्दै प्रसाईंले सार्वजनिक गरेका कागजान कीर्ते गरेको प्रहरीको प्रारम्भिक अनुसन्धानमा देखिएको छ । अहिले सहकारी ठगी प्रकरणमा राष्ट्रिय स्वतन्त्र पार्टीको सभापति रवि लामिछाने प्रहरी हिरासतमा छन् । जसका कारण सामाजिक सञ्जालमा प्रधानमन्त्री ओलीमाथि घृणास्पद अभिव्यक्ति बढ्दो छ । यही मौकामा प्रसाईंले ओलीमाथि यो आरोप लगाएको देखिन्छ ।

भ्रष्टाचारबाट नेताहरू अछुत छैनन् । बेलाबेला भण्डाफोर भइरहने भ्रष्टाचार प्रकरण यसका उदाहरण हुन् । यसैमा जनताले असन्तुष्टि पोख्दै आएका छन् । तर प्रमाणविना कीर्ते कागजात बनाउनु गम्भीर अपराध हो । प्रधानमन्त्री होस् या सामान्य नागरिक, कसैमाथि पनि कीर्ते कागज बनाउनु हुन्न । प्रमाण भएमा अदालतदेखि सञ्चार माध्यमबाट प्रकाशमा ल्याउन सकिन्छ । तर, विनाधार आरोप लगाउनु पनि अपराध हो । पछिल्लोपटक सामाजिक सञ्जालमा उछृंखलता बढ्दो छ । यस्तो गतिविधि नियन्त्रणका लागि सरकारले सामाजिक सञ्जाल साक्षरता बढाउनसमेत आवश्यक देखिन्छ ।

### मनन्योग्य

### चाणक्य नीति

चिठी हेरेर आउने व्यक्ति तेजिलो एवम् विलक्षण बुद्धिको भन्ने जानी खुसी भएर भने- 'मेरो काम प्रयत्न हो, ईश्वरले तिम्रो कल्याण गरून्, म प्रयत्न गर्छु, कुटीमा गएर विश्राम गर, बेलुका भेट हुन्छ अनि कुरा गरौंला' भन्दै आचार्यले एक शिक्षिकालाई नामले पुकार्दै खाने, बस्ने प्रबन्धको निर्देशन दिएर आफू पढाउने कक्षातिर लागे ।

गुरुका यस्ता वचन सुनेर अनायास नै विष्णुगुप्त (चाणक्य) लाई आफ्ना पिताको सम्झना आयो । उनलाई यस्तो लाग्न थाल्यो कि म अब आफ्नो प्रतिज्ञा अवश्य पूर्ण गर्न सक्छु ।

पण्डित राधामोहनले विष्णुगुप्तसँग भने- 'मेरा एउटा सहपाठी आचार्य पुण्डरीकाक्ष छन् जो आजकल तक्षशिलामा नै आचार्य पदमा छन । म उनका नाममा एउटा चिट्ठी लेखेर तिम्रो हातमा पठाइदिन्छु । ईश्वरले चाहे भने उनले तिम्रो प्रतिभाबाट प्रभावित भएर कुलपतिसँग तिम्रो प्रवेशका लागि अनुरोध अवश्य गर्नेछन् ।

अनि विष्णुगुप्त (चाणक्य) ले पत्र प्राप्त गरे र सहपाठीहरूसँग आँसु झार्दै झार्दै बिदाई र गुरूबाट आशीर्वाद लिएर तक्षशिलातिर प्रस्थान गरे ।

नम्रता र श्रद्धापूर्वक विष्णुगुप्तले भने- 'म अनाथ विष्णुगुप्त हुँ । विश्वविद्यालयमा विद्या आर्जन गर्ने इच्छा भएकाले हजुरका चरणको सेवा गर्न आएको हुँ र मैले राधामोहन गुरुजीबाट एउटा चिठी पनि ल्याएको छु' भनी चिठी आचार्यलाई दिए ।

प्राचार्य विद्यालयबाट फकी आउँदा आपका रूखमुनि ढुंगामा बसी किताब पढिरहेका विष्णुगुप्तलाई देखी ज्यादै प्रभावित भए । वस्त्र बदली स्नान गर्न कुवातिर लागे । आचार्यले स्नानका लागि पानी निकालेको देखी विष्णुगुप्तले गुरुका हातको डोरी तान्दै भन्न लागे- 'गुरुका सेवामा म छँदाछँदै किन कष्ट गर्नुहुन्छ, मलाई हजुर पाल्नुभएको थाहा भएन, क्षमा पाऊँ, पानी म निकाल्छु ।' क्रमश :

# 'जलवायु संकट समाधानमा विश्वको ध्यानाकर्षण गराउन सफल भएका छौं'



**ऐनबहादुर शाही ठकुरी**
मन्त्री, वन तथा वातावरण

जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसंघीय संरचना महासन्धि पक्ष राष्ट्रहरूको २९औं सम्मेलन (कोप-२९) अजरबैजानको बाकुमा गत कात्तिक २६ गतेदेखि जारी छ । यही मंसिर ७ गतेसम्म चल्ने सम्मेलनमा नेपालले खासगरी अनुकूलन, जलवायुजन्य हानिनोक्सानी, जलवायु वित्त, पर्वतीय क्षेत्रमा जलवायुले गरेका असरलगायत मुद्दामा प्राथमिकता र नेतृत्वदायी भूमिकाका साथ आवाज उठाइरहेको छ । सम्मेलनको पछिल्ला दिनमा वन तथा वातावरणमन्त्री **ऐनबहादुर शाही ठकुरी**ले नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै उच्चस्तरका भेटवार्ता, छलफल र सहभागितासमेत जनाइरहेका छन् । यही सन्दर्भमा सम्मेलनमा नेपालले निर्वाह गरिरहेको भूमिका, प्रयास र प्राप्त हुने उपलब्धि सम्बन्धमा *रासस*का समाचारदाता **भीष्मराज ओझा**ले सम्मेलनस्थलमा उनीसँग गरेको कुराकानीः

> हामीले कात्तिक २८ गते सम्मेलनस्थलमै सम्माननीय राष्ट्रपतिज्यूको नेतृत्वमा 'पर्वतीय क्षेत्रमा जलवायुजन्य हानिनोक्सानीको सम्बोधन' विषयक छुट्टै उच्चस्तरीय कार्यक्रम गरी जलवायुको असरले निम्त्याएका प्राकृतिक विपद्का बारेमा विश्वको ध्यानाकर्षण गराउन सफल भएका थियौं । जलवायुजन्य क्षतिपूर्तिसम्बन्धी हाम्रो प्रस्तावमा सहभागी राष्ट्रका प्रमुख र उच्चस्तरका सहभागीहरूले सहमत जनाउनुभएको थियो ।

**कोप-२९ सम्मेलन एक साताभन्दा बढी समयदेखि सहभागिता जनाइरहनुभएको छ, यो सम्मेलन जलवायु संकट समाधानका लागि के विषयमा बढी महत्त्वपूर्ण भएको ठान्नुहुन्छ ?**

कोप-२९ सम्मेलनको मुख्य उद्देश्य जलवायुसम्बन्धी चुनौतीहरूको सामना गर्ने जलवायुका असरले बढी प्रभावित कमजोर देशहरूलाई सहयोग गर्न वित्तीय लक्ष्यहरूमा सम्झौताहरु सुरक्षित गर्नु हो । त्यस्तै, जलवायु वित्त, ऊर्जा संक्रमण, मानव पुँजी, जैविक विविधता, खाद्य सुरक्षालगायत जलवायुका पक्षहरूलाई सम्बोधन गर्ने यस सम्मेलनको लक्ष्य रहेको देखिन्छ । सम्मेलनका प्रमुख लक्ष्यहरूमा नयाँ विश्वव्यापी जलवायु वित्त लक्ष्य स्थापना, अनुकूलन उपायहरु मापन गर्ने र पेरिस सम्झौताअनुसार १.५ डिग्री सेल्सियस तापक्रम सीमित गर्ने लक्ष्यसँग प्रतिबद्धताहरु प्राप्त गर्न समावेश हुने छन् ।

नेपालले अनुकूलन, हानिनोक्सानी, जलवायु वित्त, पर्वतीय क्षेत्रको पारिस्थितिकीय क्षेत्रमा जलवायुका पारेको असर, प्रविधि विकास र हस्तान्तरण क्षमता विकास, अल्पविकसित राष्ट्रहरूको विषय, जलवायु प्रतिकार्य कार्यान्वयनको प्रभाव, पेरिस सम्झौताको प्रभावकारी कार्यान्वयनलगायत मुद्दामा प्राथमिकता दिएर सहभागिता जनाइरहेको छ ।

त्यस्तै, आगामी मंसिर ७ गतेसम्म चल्ने यस सम्मेलनमा अनुकूलन, हानिनोक्सानी, जलवायु वित्त, प्रविधि विकास र हस्तान्तरण, क्षमता विकास, अल्पविकसित राष्ट्रहरूको विषय, जलवायु प्रतिकार्यको कार्यान्वयनको प्रभाव, पेरिस सम्झौताको दफा ६, पेरिस सम्झौताको वैश्विक मापन, महासन्धिको दीर्घकालीन विश्वव्यापी लक्ष्यको प्रगति, 'जस्ट ट्राञ्जिसन' सम्बन्धी 'वर्क प्रोग्राम', न्यूनीकरणसम्बन्धी वर्क प्रोग्राम, लैंगिक र जलवायु परिवर्तनलगायत विषयमा छलफल भइरहेको छ ।

**कोप-२९ सम्मेलनमा नेपालले आफ्ना मुद्दा प्रभावकारीरूपमा उजागर गर्ने क्रममा कसरी सहभागिता जनाइरहेका छ ?**

यो सम्मेलनको उद्घाटन गत कात्तिक २६ गते भव्य समारोहका बीच भएको थियो । कात्तिक २७ र २८ गते भएको उच्चस्तरीय सत्रमा विश्वभरका नेताहरू भेला भई आफ्ना धारणा व्यक्त गर्नुभएको थियो । सम्मेलनको प्रारम्भमा नेपालको नेतृत्व गर्नुभएका सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेलज्यूले उच्चस्तरीय सत्रको 'विश्व नेताहरू जलवायु कार्य शिखर सम्मेलन'लाई कात्तिक २७ गते सम्बोधन गर्नुभएको थियो । उहाँले आफ्नो सम्बोधनमा विश्व तापमानमा भएको वृद्धिका कारण हिमालको हिउँ पग्लिने क्रम बढेको उल्लेख गर्दै त्यसले हिमाली मात्र नभई तल्लो तटीय क्षेत्रको पारिस्थितिकीय प्रणालीमासमेत असर गरेको उल्लेख गर्नुभएको थियो । यसको क्षतिपूर्तिका लागि कार्बन बढी उत्सर्जन गर्ने विकसित र ठूला राष्ट्रले बढी पहल गर्नुपर्छ । यसमा हामीले सुरुदेखि नै जोड दिँदै आएका छौं ।

त्यस्तै, हामीले कात्तिक २८ गते सम्मेलनस्थलमै सम्माननीय राष्ट्रपतिज्यूको नेतृत्वमा 'पर्वतीय क्षेत्रमा जलवायुजन्य हानिनोक्सानीको सम्बोधन' विषयक छुट्टै उच्चस्तरीय कार्यक्रम गरी जलवायुको असरले निम्त्याएका प्राकृतिक विपद्का बारेमा विश्वको ध्यानाकर्षण गराउन सफल भएका थियौं । जलवायुजन्य क्षतिपूर्तिसम्बन्धी हाम्रो प्रस्तावमा सहभागी राष्ट्रका प्रमुख र उच्चस्तरका सहभागीहरूले सहमत जनाउनुभएको थियो ।

सम्मेलनकै दौरानमा कोपको अध्यक्षमण्डलले आयोजना गरेको कार्यक्रममा हिमाली क्षेत्रको पारिस्थितिकीय प्रणालीमा जलवायु परिवर्तनले गरेका असर बारेमा हामीले ध्यानाकर्षण गराएका थियौं । सम्मेलनमा निर्णयको छलफलका लागि 'एजेण्डा' तय गर्ने बारेमा कोपको अध्यक्षको समूहले राखेको बैठकमा यसरी हिमालका मुद्दाबारे पहिलोपटक छलफल भएको हो ।

यसरी हिमालका विषय प्रत्येक कोपमा छलफल होस् भनी हामीले माग राखेका थियौं । नेपालको उक्त प्रस्तावमा भुटान, ताञ्जानियालगायतका राष्ट्रले समर्थन गरेका थिए । यस किसिमको छलफल उजागर गरेपछि सम्मेलनको निर्णयमा हिमालको मुद्दाका बारेमासमेत केही हुने अपेक्षा गरेका छौं । यसबाहेक दैनिकरूपमा सम्मेलनमा सहभागी हाम्रो देशको हित, चासो र मुद्दासँग सम्बन्धित दाता र मैत्रीपूर्ण सम्बन्धमा भएका मुलुकका उच्चस्तरका प्रतिनिधि, दातृ निकायका प्रमुख, बहुपक्षीय संस्थाका प्रमुखलगायतसँग भेटवार्ता र छलफल पनि गरिरहेका छौं ।

**नेपाल जलवायुका असरबाट बढी प्रभावित मुलुकमध्येमा पर्छ, यहाँहरूले सम्मेलनमा कुन-कुन विषयलाई बढी प्राथमिकताका दिएर आफ्ना मुद्दा उजागर गरिरहनुभएको छ ?**

नेपाल जलवायुले बढी असर गर्नेमध्ये राष्ट्रमा पर्छ । त्यसैले हामीले जलवायुका क्षेत्रमा नेतृत्वदायी भूमिकाका साथ आफ्ना मुद्दा उठान गरिरहेका छौं । हाम्रा मुद्दाको प्रभावकारी सुनुवाइका लागि खासगरी अति कम विकसित राष्ट्रको समूह र जी-७७ चाइना समूहबाट समन्वय गरी आफ्ना मुद्दाको वकालत गरिरहेका छौं । हामीले वाचा गरेका प्रतिबद्धता पूरा गर्दै आएका छौं । त्यसैले त हामीले आफ्ना माग र मुद्दाका बारेमा सशक्तरूपमा कुरा गर्न सकेका छौं ।

पेरिस सम्झौताअनुसार विश्व समुदायले यस शताब्दीको अन्त्यसम्ममा पृथ्वीको तापक्रम १.५ डिग्री सेल्सियसभन्दा बढ्न नदिने सहमति गरेता पनि सन् २०५० भन्दा पहिले नै हिमाली क्षेत्रको तापक्रम सरदर १.८ डिग्री सेल्सियसभन्दा बढी हुने अनुमान गरिएको छ । साथै उच्च तापक्रम वृद्धिले गर्दा यस क्षेत्रमा रहेका हिमालका दुईतिहाइ हिमभण्डारहरू पग्लिने अनुमान अध्ययनले गरेकाले यो नेपालको मात्र नभई विश्वका लागि चिन्ता र चासोको विषय बन्नुपर्छ भन्ने हाम्रो माग हो ।

हामीले हाम्रा माग र मुद्दाका सम्बन्धमा कामको बाँडफाँट गरी सहभागितालाई प्रभावकारी बनाएका छौं । सम्मेलनमा मन्त्रालयका सहसचिवहरू धनिराम शर्माले जलवायु वित्त, डा. महेश्वर ढकालले जलवायुजन्य हानिनोक्सानी, डा. बुद्धिसागर पौडेलले संरचनाको पारदर्शितामा अभिवृद्धिसम्बन्धी, नवराज पुडासैनीले कार्बन व्यापार, सञ्जीव राईले क्षमता अभिवृद्धि, धनञ्जय लामिछानेले न्यूनीकरण र उपसचिव दीपा ओलीले समावेशिताका विषयगत समूहको नेतृत्व गरी नेपालका तर्फबाट प्राविधिक विषयमा भाग लिइरहनुभएको छ । यसको हामीले दैनिकरूपमा नियमित समीक्षा गरी अनुगमन, समन्वय र सुझावसहितको निर्देश गरिरहेका छौं ।

**जलवायु वित र हानिनोक्सानीजस्ता विषय नेपालका लागि बढी महत्त्वपूर्ण छन् र यो सम्मेलन पनि जलवायु वितमा बढी केन्द्रित भएको देखिन्छ, यस्तो अवस्थामा नेपालको तयारी के छ ?**

जलवायु परिवर्तनका मुद्दाहरू विशेषगरी गरिब र संकटापन्न राष्ट्र, समुदाय र व्यक्तिहरूका चाहना र भरोसालाई सम्बोधन गर्ने विश्वव्यापी पहल महत्त्वाकांक्षी, निष्पक्ष र समानताको सिद्धान्तमा आधारित हुनुपर्दछ भन्ने नेपालको धारणा छ । नयाँ साझा परिमाणित जलवायु वित्त लक्ष्यमा विशेष केन्द्रित हुने हुँदा नेपालले तथ्यपरक, जलवायु वित्तको स्पष्टता, वित्तको पूर्णता, गुणात्मक वित्त, अनुकूलन र हानिनोक्सानीको सम्बोधन हुनेगरी दायरा, सरल प्रक्रिया र समावेशिता हुनुपर्छ भन्ने हाम्रो माग हो ।

त्यस्तै, मैले अघि पनि भने सम्माननीय राष्ट्रपतिज्यूको नेतृत्वमा हामीले आयोजना गरेको कार्यक्रममा मेलम्ची र थामेको पहिरो, कञ्चनपुर र काठमाडौं उपत्यका आसपास भएको अति वर्षाले पुऱ्याएको जनधनको क्षतिलगायत विषयका बारे विश्वलाई जानकारी गराउँदै यो जलवायुजन्य हानिनोक्सानी नै हो भनी अवगत गराएका थियौं ।

**यस सम्मेलनमा हालसम्मको सहभागिताबाट के कति उपलब्धि हासिल गरेको ठान्नुहुन्छ ?**

यो सम्मेलनमार्फत हुने निर्णय प्रक्रिया लामो हुन्छ । छलफल र वार्ता गरेकै दिन वा भनेकै दिन उपलब्धि हुने भन्ने होइन तर त्यसका लागि राम्रो पृष्ठभूमि र वातावरण बनेको छ । विकसित मुलुकहरूलाई दबाब बढेको छ । सम्मेलनको अन्तिममा हुने निर्णयमा नेपालजस्ता मुलुकका मुद्दा सम्बोधन हुनेमा आशावादी छौं ।

त्यसैगरी, सम्मेलनकै दौरानमा हामीले बंलादेशका वन, वातावरण र जलवायु परिवर्तनसम्बन्धी मन्त्री स्येदा रिजवाना हसन, संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसका विशेष सल्लाहकार सेल्विन हार्ट, 'वर्ल्ड ग्रिन इकोनोमी अर्गनाइजेसन' (डब्ल्युजिइओ) का अध्यक्ष सइद मोहम्मद अल ताएर, संयुक्त अधिराज्यका जलवायु परिवर्तनसम्बन्धी मन्त्री केरी एमसिक्याथी, संयुक्त अधिराज्यका जलवायु परिवर्तनसम्बन्धी विशेष प्रतिनिधि रिचेल क्याथे, एसियाली विकास बैंकका महानिर्देशक रमेश सुब्रमन्यमलगायतसँग छुट्टाछुट्टै उच्चस्तरीय भेटवार्ता गरेका थियौं । सो भेटवार्तामा मैले नेपालको हित र चासोका विषयका साथै नेपालका मुद्दाका बारेमासमेत कुरा गरेको थिएँ ।

**अन्तिममा केही भन्नु छ कि ?**

यस्ता अन्तर्राष्ट्रिय सम्मेलन र मञ्चमा राष्ट्रिय मुद्दाको सम्बोधनका लागि अन्तर्राष्ट्रिय साझेदार संगठनका साथै कुनै एक मन्त्रालय वा सरकारले मात्रै पहल गरेर हुँदैन । यसमा राज्यका सबै निकाय, क्षेत्र, विज्ञ, नागरिक संस्था, सञ्चारकर्मी सबैको योगदान आवश्यक हुन्छ । तसर्थ हामीले वातावरण र जैविक विविधता संरक्षणमा प्राप्त गरेका सफलतालाई विश्वमै प्रचार गरेर जलवायु संकट समाधानका लागि क्षतिपूर्तिबापत जलवायु वित्त ल्याउने अभियानमा साथ दिन सम्बद्ध सबैसँग अनुरोध गर्दछु ।

विगतका तीन/चार दशकको तथ्यांक हेर्दा हिमालमा प्रतिदशक ०.०५ डिग्री सेल्सियसका दरले तापक्रम बढिरहेको छ । यसको असरले खासगरी हिमनदी पग्लिने क्रम तीव्ररूपमा बढिरहेको छ । विश्व तापमान वृद्धिले सन् १९८० देखि २०१० सम्मको अवधिमा करिब २५ प्रतिशत हिमनदीको क्षेत्रफल घटेको देखिएको छ । त्यसैले हामीले सम्भावित जोखिम समाधानका लागि राष्ट्रिय र अन्तर्राष्ट्रिय हातेमालो गरी अघि बढ्नुको विकल्प छैन ।

### पत्र-मञ्जुषा

## देश र जनताको नाममा लुटधन्दा, उद्योग कलकारखाना सबै बन्द !

दुई दशकअघि राजधानीमा ट्रली बस चल्थ्यो । त्रिपुरेश्वरदेखि माइतीघर, नयाँ बानेश्वर, कोटेश्वर, कौशलटार, सल्लाघारी हुँदै भक्तपुरको सूर्यविनायकसम्म त्यो बस जान्थ्यो । त्यसपछि पुनः सोही रुटमा सञ्चालन हुन्थ्यो । २०३२ सालमा अनुदानस्वरूप चीन सरकारले झण्डै ३०० वटा ट्रली बस दिएको थियो । बस सञ्चालन गर्न आवश्यक उपकरण पनि चीनले नै जडान गरिदिएको थियो । ट्रली बस विद्युतीय थियो । बसको माथि तार जोडिएको हुन्थ्यो । जसले विद्युत् आपूर्ति गर्थ्यो । बिहान ४ बजेदेखि राति ९ बजेसम्म उक्त बस उपत्यकामा चल्थ्यो । एकातिर भाडा सस्तो थियो, अर्कोतिर पैसा दिएपछि टिकट पनि दिइन्थ्यो ।

यो बस चल्दा आम सर्वसाधारणलाई निकै सहज भएको थियो । तर, राजनीतिक दलका नेता तथा कर्मचारीहरूले बस नै बेचेर खाए । ट्रली बसमा काम गर्ने कर्मचारीहरूले कम्पनी नै डुबाए । अनि आफूलेचाहिँ घडेरी जोडे । अहिले बेलुका ५ बजेपछि त्रिपुरेश्वरबाट भक्तपुर जाने गाडी पाइँदैन । केही गरी गाडी पाइहाले पनि खुट्टा टेक्ने ठाउँ हुँदैन ।

अर्कोतर्फ, सहचालक, चालक बढी भाडा असुल्छन् तर टिकटचाहिँ दिँदैनन् । पञ्चायतकाल वा राजाको समयमा मुलुकमा थुप्रै उद्योग, कलकारखाना थिए । कपडादेखि, नेपाली कागज, जुत्ता, जुत्तमेल, चाइनिज इट्टा, गलैंचा, गार्मेन्ट, सिमेण्ट, धागोलगायत नेपालमै उत्पादन हुन्थ्यो । सरकारी स्वामित्वका यस्ता उद्योग तथा कलकारखाना हजारौं थिए ।

तर, अहिले सरकारी स्वामित्वमा उद्योग, कलकारखाना नै छैनन् । कतै भए पनि वर्षौंदेखि बन्द छन् । राजनीतिक दलका नेताहरूले सरकारी स्वामित्वका सम्पूर्ण उद्योग, कलकारखाना निजीकरण गरिरहेका छन् । जसका कारण आमसर्वसाधारण महँगोमा सामान खरिद गर्न बाध्य भएका छन् । त्यो पनि गुणस्तरहीन ।

सरकारकै उद्योग, कलकारखाना हुँदा त्यहाँ उत्पादन भएका वस्तु सहुलियत मूल्यमा पाइन्थ्यो । अहिले त्यो बेचिएपछि निजी व्यवसायीहरूको ठगीधन्दा मौलाएको छ । उनीहरू गुणस्तरहीन सामान उत्पादन गर्छन् । अनि मूल्यचाहिँ एकदमै महँगो हुन्छ । अझ रोचक कुरा त के छ भने निजी व्यवसायीहरूले पनि यहाँ उत्पादन नगरी विदेशबाट सामान आयात गर्ने गरेका छन् ।

यहाँ आफूलाई उद्योगी भन्छन् । तर, विदेशबाट आयात गरिएको सामान बेच्छन् । अहिले हामीले लगाएका कपडादेखि खाने खाद्यान्न सबै विदेशबाटै आयात गरिएको हो । नेपालमै उत्पादन भएका कुनै पनि वस्तु हामीले उपभोग गर्न पाएका छन् । हाम्रो घर वा कोठामा भएका सम्पूर्ण वस्तु तथा सामग्री विदेशी नै पाइन्छ । हामी नेपाली नागरिकता बोक्छौं । विडम्बना, त्यही नागरिकता राख्न प्रयोग गरिएको कपडा वा झोलाचाहिँ विदेशबाट आयात गरिएको हुन्छ ।

अहिले जनताका छोराछोरी विदेशमा छन् । गाउँदेखि सहरसम्म बूढाबूढी मात्र भेटिन्छन् । जनताका छोराछोरी विदेशमा रगतपसिना बगाएर नेपालमा रेमिटचान्स पठाइरहेका छन् । त्यही रेमिटचान्समा दलका नेता र कर्मचारीहरूको मोजमस्ती चलेको छ । आफ्ना कार्यकर्ता भेला गरेर नेताहरू नेपाललाई सिंगापुर बनाउँछौं भन्दै झूठा भाषण गर्छन् । हामीले पनि अझै बुझेका छैनौं कि हिजो देशमा विकास गर्ने नाममा सीधासाधी जनताका छोराछोरीलाई सडकमा ल्याएर मार्ने यिनीहरू नै होइनन् ?

सत्तामा पुगेर यिनीहरूले के गरे ? देश धितो राखेर विदेशीबाट ऋण लिए । जनताका छोराछोरीलाई विदेशमा बेचे । रेमिटचान्समा मोजमस्ती गरे । अनि राज्यको सम्पत्तिको चरम दुरूपयोग गरे । यही हो यिनीहरूको उपलब्धि ।

**- रुषा थापा, भक्तपुर**

### जानकारी

अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरु गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । *-संपादक*

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

# अन्नपूर्ण आधार शिविरमा ध्वनियन्त्र लैजान निषेध

**गण्डकी–** पदयात्राका लागि विश्वप्रख्यात अन्नपूर्ण आधार शिविरमा चर्को ध्वनि निकाल्ने यन्त्र लैजान निषेध गरिएको छ । चर्को आवाजले शान्त हिमाली क्षेत्रमा पदयात्रा गरिरहेका पर्यटकको एकाग्रता खल्बलिने र यात्रामा बाधा पुग्ने भएकाले उक्त निर्णय गरिएको अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप)ले जनाएको छ ।

आयोजना प्रमुख डा. रविन कडरियाले पदयात्राका क्रममा या होटलमा बास बस्दा चर्को आवाजमा गीत बजाउने, होहल्ला गर्नेजस्ता क्रियाकलाप नगर्न पर्यटक र सर्वसाधारणलाई आग्रह गरे । 'आधार शिविर पुग्नुअगावै छोम्रोङ गाउँमा ध्वनियन्त्रलाई राखेर जान र फर्कंदा लिएर आउन पर्यटकलाई अनुरोध गरिरहेका छौं,' उनले भने, 'अनुगमनका क्रममा कसैले त्यस्ता क्रियाकलाप गरेको भेटिएमा सामान जफत गर्छौं ।'

पदयात्रामा जाने कतिपयले पर्यटकले चर्को आवाजमा गीत बजाउँदा अन्य पदयात्रीलाई असर पुगेको गुनासो आएपछि चर्को ध्वनि लैजान रोक लगाइएको आयोजना प्रमुख डा. कडरियाले बताए । आयोजना कार्यालयले उक्त कार्यमा कडाइ सुरु गरेपछि पर्यटकले कास्कीको अन्नपूर्ण गाउँपालिका-११ छोम्रोङमै त्यस्ता ध्वनि यन्त्र राखेर आधार शिविरतर्फ जान थालेका छन् ।

शान्त र प्रकृतिमय वातावरणमा पदयात्रा गर्न बर्सेनि ठूलो संख्यामा स्वदेशी तथा विदेशी पर्यटक अन्नपूर्ण आधार शिविर पुग्ने गरेका छन् । आयोजना प्रमुख डा. कडरियाका अनुसार अनुमतिविना उक्त क्षेत्रमा 'ड्रोन' क्यामरा पनि प्रयोग गर्न पाइँदैन । कसैले अटेर गरी 'ड्रोन'बाट आधार शिविरको दृश्य कैद गरेमा क्यामरा जफत गरिने उनको भनाइ छ । अन्नपूर्ण आधार शिविरसहित 'एक्याप'भित्र पर्ने पर्यटकीय गन्तव्यस्थलको सरसफाइ अभियान पनि चलिरहेको आयोजना प्रमुख डा. कडरियाले बताए ।

अन्नपूर्ण संरक्षण क्षेत्रलाई फोहोरमुक्त बनाउन समुदायस्तरमा उक्त अभियान थालिएको हो । आयोजना कार्यालयले अन्नपूर्ण आधार शिविरमा सिसा र प्लास्टिकका बोतल लैजान प्रतिबन्ध लगाएको छ । मर्दी हिमाल, तारा हिलटपलगायत क्षेत्रमा पनि सिसा र प्लास्टिकजन्य सामग्री नलैजान र भएको फोहोर आफैंले लिएर आउन पर्यटकलाई आग्रह गरिएको आयोजना प्रमुख डा. कडरियाले बताए ।

पदमार्ग र बस्ती क्षेत्रमा भएको फोहोरलाई वर्गीकरण गरेर व्यवस्थापन गर्न सुरु गरिएको उनको भनाइ छ । होटल व्यवस्थापन समिति, आमा समूहलगायत परिचालित गरेर फोहोर व्यवस्थापनको काम अगाडि बढाइएको हो । पर्यटकीय क्षेत्रमा संकलन भएको फोहोरलाई पोखरामा ल्याइ प्रशोधन गर्ने योजना 'एक्याप'ले बनाएको छ ।

अन्नपूर्ण क्षेत्रको भ्रमणमा जाने आन्तरिक तथा बाहय पर्यटकलाई सकभर पुनःप्रयोगमा आउने सामग्री लिएर जान अनुरोध गरिएको छ । 'पर्यटकीयस्थलमा जथाभावी फोहोर हुँदा राम्रो सन्देश नजाने हुँदा फोहोर व्यवस्थापनलाई अभियानकै रूपमा सुरु गरिएको हो,' आयोजना प्रमुख डा. कडरियाले भने ।

सात हजार ६०० वर्ग किलोमिटरमा फैलिएको अन्नपूर्ण संरक्षण क्षेत्रमा कास्की, लमजुङ, मनाङ, म्याग्दी र मुस्ताङका १६ स्थानीय तहका ८९ वडा समेटिएका छन् । अन्नपूर्ण क्षेत्र प्राकृतिक सौन्दर्य, जैविक विविधता, हिमाली जनजीवन, सभ्यता, संस्कृति आदि कारणले देशविदेशका पर्यटकको रोजाइमा पर्ने गरेको छ ।

बर्सेनि असोज-कात्तिक र चैत-वैशाखको याममा उक्त क्षेत्रको पदयात्रा गर्ने पर्यटकको घुइँचो नै लाग्ने गर्छ । अन्नपूर्ण आधार शिविर, मर्दी हिमाल, घान्द्रुक, मनाङको तिलिचो ताल, थोरंला भञ्ज्याङ, उपल्लो मुस्ताङ, मुक्तिनाथ, म्याग्दीको घोडेपानीलगायत अन्नपूर्ण क्षेत्रमा पर्ने चर्चित पर्यटकीय गन्तव्यस्थल हुन् । *रासस*

# १४ वर्षमुनिका बालबालिकाको क्यान्सर उपचार निःशुल्क

**भक्तपुर (प्रस)–** भक्तपुर क्यान्सर अस्पतालले १४ वर्षमुनिका बालबालिकाको क्यान्सर उपचार निःशुल्क सेवा सुरुआत गरेको छ । अस्पतालले यही मंसिर २ गतेदेखि १४ वर्षमुनिका बालबालिकाको क्यान्सर रोगको सम्पूर्ण उपचार निःशुल्क सेवा सुरु गरेको अस्पतालका निमित्त कार्यकारी निर्देशक डा. उज्ज्वल चालिसेले जानकारी दिए । स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले सरकारी अस्पतालमा १४ वर्षमुनिका बालबालिकाको क्यान्सर उपचार निःशुल्क गर्नेगरी गत कात्तिक ११ गते मन्त्रीस्तरीय निर्णय गरेसँगै अस्पतालले उक्त निर्णयलाई कार्यान्वयनमा ल्याएको हो ।

सरकारले सरकारी अस्पतालमध्ये भक्तपुर क्यान्सर अस्पताल भक्तपुर, कान्ति बाल अस्पताल काठमाडौं र बिपी कोइराला मेमोरियल क्यान्सर अस्पताल भरतपुर चितवनमा यस्तो सेवा निःशुल्क गर्ने निर्णय गरेको थियो । स्वास्थ्य तथा जनसंख्यामन्त्रीमा पौडेल नियुक्त भएलगत्तै १४ वर्षमुनिका बालबालिकालाई क्यान्सरको निःशुल्क उपचार सेवा प्रदान गर्नेगरी पहल सुरु गरेका थिए । अस्पतालका निर्देशक डा. चालिसेले भने, 'सरकारको नीतिअनुसार भक्तपुर क्यान्सर अस्पतालले नेपालमै पहिलोपटक गत २ गतेदेखि यो सेवा सुरु गरेका छौं, स्वास्थ्यमन्त्री प्रदीप पौडेलले बुधबार यसको औपचारिक उद्घाटन गर्दै हुनुहुन्छ, अब बालबालिकाले आर्थिक अभावका कारण उपचार नपाएर ज्यान गुमाउनुपर्ने अवस्था आउँदैन, हाम्रो अस्पतालले निरन्तर सेवा दिन्छ ।'

अस्पतालका वरिष्ठ प्रशासकीय प्रमुख राजाराम तजलेले क्यान्सर बिरामीको चाप बढिरहँदा बालबालिकामा पनि विभिन्न क्यान्सर रोग बढ्दो रहेको बताउँदै अहिले भक्तपुर क्यासर अस्पतालमा करिब ६० जना क्यान्सर रोगका बालबालिका उपचारका लागि आइरहेको बताए । उनले अस्पतालले मन्त्रालयको नीतिअनुसार नै सम्पूर्ण उपचार निःशुल्क सेवा सुरु गरेको बताए ।

बालबालिकाको क्यान्सर रोगको उपचारसँगै क्यान्सरको उपचारमा आवश्यक पर्ने ३५ प्रकारका औषधि निःशुल्क प्रदान गरिनेछ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले गत २०८० चैत १४ मा विश्व स्वास्थ्य संगठन (डब्ल्युएचओ)सँग बालबालिकामा हुने क्यान्सरको उपचारका लागि निःशुल्क औषधि प्राप्तिका लागि सम्झौता गरेको थियो । नेपालमा कुल मृत्युमध्ये दुईतिहाइभन्दा बढी अर्थात् ७१ प्रतिशतमा नसर्ने रोग कारण हुने गरेको र त्यसमध्ये ११ प्रतिशतको क्यान्सर रोगका कारण ज्यान जाने गरेको मन्त्रालयअन्तर्गतको इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाको तथ्यांकमा उल्लेख छ ।

नेपालमा सन् २०२२ मा २२ हजार क्यान्सर नयाँ बिरामी देखिएकामा १४ हजार बढीले ज्यान गुमाएको र हरेक वर्ष करिब १५ सय बालबालिकामा क्यान्सर देखिने गरेको बताइएको छ । क्यान्सरका बिरामी बालबालिकालाई परिवारको आर्थिक अभावमा ज्यान गुमाउन नपरोस् भन्ने उद्देश्यले समयमै उपचार गरेर ज्यान बचाउन यो उपचार निःशुल्क गरेको मन्त्रालयले निर्णय गरेको हो ।


## जगरनाथपुर गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
जगरनाथपुर, पर्सा
मधेश प्रदेश, नेपाल

**दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना**

प्रकाशित मिति :२०८१/०८/०५

उपरोत्त बिषयमा यस कार्यालयको तर्फबाट मिति २०८१/०६/२० गते प्रभाव दैनिक राष्ट्रिय पत्रिकामा प्रकाशित सूचना तथा PPMOe-gp System को www.bolpatra.gov.np/egp मा प्रकाशित बोलपत्र अहवानको सुचना अनुसार दर्ता हुन आएका बोलपत्रहरूको मूल्यांकन गेदा तपसिल बमोजिमका बोलपत्र न्यूनतम मूल्याकित सारभूत रूपमा प्रभावग्राही देखिने आएकोले स्वीकृतिको लागि सिफारिस भई आए बमोजिम सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र दफा ४७ को प्रयोजनार्थ जानकारी गराइन्छ । साथै सार्वजनिक खरिद नियामवली २०६४ को दफा ८४ को उपदफा १० को प्रयोजनार्थ तपसिलमा उल्लेखित बोलपत्रदतालाई यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

**तपशिल**:-

| ठेक्का. नं. | कामको विवरण | सारभूत प्रभावग्राही फर्म | मू.अ.कर समेतको रकम रु. | कैफियत |
|---|---|---|---|---|
| 01/JRM/NCB/ WORKS/081-82 | Construction of Tubewell at different places of jagarnathpur ward 01-06 | Taaj construction Birgunj, Parsa, Birgunj, Nepal | रु. 32,14,750.56 | |

**काठ लिलाम बिक्री सम्बन्धी सूचना**

दोस्रोपटक प्रकाशित मितिः २०८१/०८/०५

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट स्वीकृत वन कार्ययोजना बमोजिम उत्पादन भएको घाटगद्दीमा रहेको **साल** जातको ग्रेड A को गोलिया थान १ को ८६ क्युफिट काठ, ग्रेड B को गोलिया थान १५ को १३४.७ क्युफिट काठ, ग्रेड C को गोलिया थान ५१ को ३१५.३ क्युफिट काठ र **अस्ना** जातको ग्रेड A को गोलिया थान २ को ५४.६ क्युफिट काठ, ग्रेड B को गोलिया थान २ को १९.९ क्युफिट काठ, ग्रेड C को गोलिया थान २ को २०.६ क्युफिट काठ र साल दाउरा १.७५ चट्टालाई हाल जे-जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम व्यक्ति, फर्म, संघसंस्था वा कम्पनीले गोलिया काठ दाउराको सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिनभित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**भुर्का भुर्की सामुदायिक वन उपभोक्ता समूह**
**घोडाघोडी न.पा -१०, कैलाली**

**नेपाल सरकार**
**भुमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय**
**भुमि व्यवस्थापन तथा अभिलेख विभाग**
**भुमि सुधार तथा मालपोत कार्यालय,**
**मलाही मलंगवा, मोही फांट**

**३५ दिने सार्वजनिक सूचना**

जि. सर्लाही साविक गा.वि.स. पत्थरकोट वार्ड नं. ८ हाल लालबन्दी न.पा. वार्ड नं. १२ मा बस्ने **जित बहादुर थिङ** नाउँको हकदावी गर्न आउने बारेको सूचना ।

उपरोक्त सम्बन्धमा जिल्ला सर्लाही गा.वि.स. पत्थरकोट वार्ड नं. ९ हाल लालबन्दी न.पा. वार्ड नं. १२ मा बस्न अमृत लाल बोम्जनको नाममा दर्ता कायम रहेको जि.स.ग .वि. पत्थरकोट वार्ड नं. ४ख कि.नं. ११० को क्षेत्रफल ०-२-० जग्गाको मोही महलमा जि. सर्लाही साविक गा.वि.स. पत्थरकोट वार्ड नं. ८ हाल लालबन्दी न.पा.वार्ड नं. १२ मा बस्ने जित बहादुर थिङको नाम उल्लेख रहेकोमा जग्गा धनीले मरुवा मोही लगत कट्टा गरि पाउँ भन्ने निवेदनमा मिति २०८१/२/१७ गतेको आदेशानुसार मोही हक दावी सम्बन्धी ३५ दिने सूचना जारी गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ दिन भित्र आफू वा ऐन बमोजिमको वारेस प्रमाण सहित पठाउनु होला । नआएमा वा म्याद गुजारी बसेमा कानुन बमोजिम मरुवा मोही लगत कट्टा तर्फको कार्यवाही भै जाने यसै सूचनाद्वारा जानकारी गराइन्छ । पछि तपाईंको उजुर बाजुर लाग्ने छैन ।

**एक्मी बचत तथा ऋण सहकारी संस्था लि.**
ग्रेस अपार्टमेन्ट नारायणचौर, नक्साल, काठमाडौं, नेपाल
फोन नं.५४२६३५, ४५४०७७२, E-mail: oprmgmt@yahoo.com

**सोह्रौं वार्षिक साधारणसभा सम्बन्धी सूचना**

(प्रकाशित मिति : २०८१/०८/०४ गते)

**शेयरधनी महानुभावहरू,**

यस एक्मी बचत तथा ऋण सहकारी संस्था लि.को मिति २०८१ साल कार्तिक महिनाको १२ गते (28th OCT, 2024) मा बसेको सञ्चालक समितिको बैठकको निर्णायनुसार यस संस्थाको सोह्रौं वार्षिक साधारण सभा संस्थाको कार्यालय, नारायणचौर, नक्सालमा मिति २०८१ साल मंसिर महिनाको २५ गते मंगलबार तदनुसार 10th Dec, 2024 दिनको १५:०० बजे निम्न विषयउपर छलफल हुने हुँदा सम्बन्धित सबै शेयरधनी महानुभावहरूलाई उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछौं ।

**छलफलका विषयहरू** :

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षको प्रतिवेदन ।
२. आ.व.२०८०/०८१ को लेखापरिक्षणको प्रतिवेदन ।
३. आ.व.२०८१/०८२ को लागि लेखापरिक्षकको नियुक्ति र निजको पारिश्रमिक सम्बन्धमा ।
४. संस्थाको तर्फबाट हालसम्मको प्रगति विवरण तथा अनुमानित बजेट सम्बन्धमा ।
५. सञ्चालक समितिको छनौट सम्बन्धमा ।
६. निर्णय पुस्तिकामा शेयर सदस्यहरूबाट हस्ताक्षरको लागि आवश्यक प्रतिनिधि छनौट गर्ने सम्बन्धमा ।
७. विविध ।

...........
**म्यानेजर**

**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

**तेस्रो पटक प्रकाशित मितिः २०८१/०८/०५**

यस कम्पनीको मिति २०७८/११/०५ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **एल एन टि इन्फोटेक प्रा.लि.** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि **हेप्पी नेट प्रा.लि.** (परिवर्तित नाम) कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०७८/११/१२ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **हेप्पी नेट प्रा.लि.** (प्रा.लि.नं.१७०९४७) कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराईन्छ ।

**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

**तेस्रो पटक प्रकाशित मितिः २०८१/०८/०५**

यस कम्पनीको मिति २०८१/०७/२१ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **शिपशेप सर्भिसेस्** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि **शिपशेप भेन्चर्स** (परिवर्तित नाम) कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८१/०७/२५ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **शिपशेप भेन्चर्स** (प्रा.लि.नं.२३८४१३) कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराईन्छ ।

**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

**दोस्रो पटक प्रकाशित २०८१/०८/०५**

यस कम्पनीको मिति २०८१ कार्तिक ०८ गते सम्पन्न विशेष साधारणसभाको निर्णय अनुसार साविक कम्पनी स्नो भ्यू ट्रेक एण्ड एक्पिडिसन प्रालि (Snow View Trek & Expedition Pvt. Ltd.)को नाममा रहेको सम्पूर्ण चलअचल सम्पत्ति तथा तिर्नुपर्ने कर, दायित्व आदि परिवर्तित नाम अल्पनाइन ओन्डर ट्रेक एण्ड एक्सपिडिसन प्रालि (Alpine Wonder Treks And Expedition Pvt. Ltd.) ले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८१ कार्तिक १२ को निर्णय अनुसार कम्पनीको नाम अल्पनाइन ओन्डर ट्रेक एण्ड एक्सपिडिसन प्रालि (Alpine Wonder Treks And Expedition Pvt. Ltd.) कायम गरिएको व्यहोरा जानकारी गराइन्छ ।

**अल्पनाइन ओन्डर ट्रेक एण्ड एक्सपिडिसन प्रालि**
**तारकेश्वर नगपालिका वडा नम्बर ४ काठमाडौं । फोन नम्बर ९८५१२०७५४५**

**नेपाल सरकार**
**भुमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय**
**भुमि व्यवस्थापन तथा अभिलेख विभाग**
**भुमि सुधार तथा मालपोत कार्यालय,**
**मलाही मलंगवा, मोही फांट**

**३५ दिने सार्वजनिक सूचना**

जि.सर्लाही साविक गा.वि.स. डुमरीया हाल बलरा न.पा. वार्ड नं. ७ मा बस्ने **जगरनाथ सिंह भुमिहार** नाउँको हकदावी गर्न आउने बारेको सूचना ।

उपरोक्त सम्बन्धमा जिल्ला सर्लाही गा.वि.स. मधुवनी वार्ड नं. ३ हाल गोडैता न.पा. वार्ड नं. १२ मा बस्ने रामदरेश महत्तो को नाममा दर्ता कायम रहेको जि.स.गा.वि. मधुवनी वार्ड नं. ४ कि.नं. ५२ को क्षेत्रफल ०-८-१० जग्गाको मोही महलमा जि. सर्लाही साविक गा.वि.स. डुमरीया हाल बलरा न.पा. वार्ड नं. ७ मा बस्ने जगरनाथ सिंह भुमिहार को नाम उल्लेख रहेकोमा जग्गा धनीले मरुवा मोही लगत कट्टा गरि पाउ भन्ने निवेदनमा मिति २०८१/६/१४ गतेको आदेशानुसार मोही हक दावी सम्बन्धी ३५ दिने सूचना जारी गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ दिन भित्र आफू वा ऐन बमोजिमको वारेस प्रमाण सहित पठाउनु होला । नआएमा वा म्याद गुजारी बसेमा कानुन बमोजिम मरुवा मोही लगत कट्टा तर्फको कार्यवाही भै जाने यसै सूचनाद्वारा जानकारी गराइन्छ । पछि तपाईंको उजुर बाजुर लाग्ने छैन ।

## परोहा नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
लौकाहा, रौतहट
मधेश प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

(प्रथम पटक प्रकाशित मिति :२०८१/०८/०५ गते)

यस कार्यालयबाट सिटी पोष्ट राष्ट्रिय दैनिक पत्रिकामा मिति २०८१/०७/०१ गते को प्रकाशित बोलपत्र नं. Paroha/Mun/Sasart/S Pad/05/2081/082 Supply of Sanitary Pads को आपुर्ति गर्ने कार्यका लागि बोलपत्र आह्वान सम्बन्धी प्रकाशित सार्वजनिक सूचना अनुसार मितिः २०८१/०८/०२ गते १२:०० बजे भित्र दर्ता भई सोही दिन १४:०० बजे खोलिएका बोलपत्रहरूको मितिः २०८१/०८/०४ गते बसेको मूल्यांकन समितिको निर्णय बमोजिम तपशिलमा उल्लेखित बोलपत्रदाता मूल्यांकनमा सफल भएकोले सार्वजनिक खरीद ऐन २०६३ को दफा २७ को उपदफा २ बमोजिम सम्बन्धित सबको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल:

| सि. न | ठेक्का नं. | बोलपत्र दाताको नाम | कबोल गरेको अंक (भ्याट सहितको) | कैफियत |
|---|---|---|---|---|
| १. | Paroha/Mun/ Sasart/S Pad/05/ 2081/082 | श्री बिजय मेडिसीन सप्लायर्स गौर, ५ रौतहट । | रू २२,६८,९६७.६८/- | श्री ओम ट्रेडर्स एण्ड जेनरल सप्लायर्स गौर, ५ रौतहट, र श्री बागिस फार्मेसी मधवनारायण नगरपालिका ०३, रौतहट जानकारीका लागि |

प्रमुख प्रशासकीय अधिकृत्
परोहा न.पा. लौकाहा ,रौतहट

नेपाल सरकार
गृह मन्त्रालय
## सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालय
(प्रबन्ध महाशाखा, हलचोक, काठमाडौं)

**राष्ट्रियस्तरको बोलपत्र आह्वानको सूचना नं. (APF/NCB/R/01/2081/082) (Re-Notice)**

सूचना प्रकाशन मितिः २०८१/०८/०५ गते

१. पशु स्वास्थ्य डग हैण्डलर उपशाखा, स.प्र.बल, नेपाल प्र.का.बलम्बुमा कार्यरत डग संख्या ३० (तीस) को निमित्त २०८१ साल माघ १ गते देखि २०८२ साल पौष मसान्तसम्म बर्ष १ (एक) को लागि डग राशन सामाग्रीहरु e-bidding को माध्यमबाट आपूर्ति व्यवस्था गर्नुपर्ने भएकोले राशन आपूर्ति सम्बन्धी व्यवसाय गर्न सम्बन्धित निकायबाट ईजाजत प्राप्त इच्छुक नेपाली बोलपत्रदाताहरूबाट बोलपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।
२. बोलपत्र सम्बन्धी कागजातको दस्तुर रू.३,०००।- फिर्ता नहुने गरी यस कार्यालयको कोड नं.३१४०५३५०७, राजश्व खाता नं.१०००१००२०००१००००, राजश्व शिर्षक नं. १४२२९ मा नगदै जम्मा गरेको बैंक भौचरको Scanned Copy PDF Format मा Upload गर्नु पर्नेछ ।
३. बोलपत्रदाताले बोलपत्रसाथ पेश गर्नुपर्ने सम्पूर्ण कागजातहरु मिति २०८१/०८/२० गते १२:०० बजे भित्र www.bolpatra.gov.np./egp मा Scanned Copy PDF Format मा Upload गरी सक्नु पर्नेछ ।
४. e-submission भएका बोलपत्रहरु मिति २०८१/०८/२० गते १३:०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिने छ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन । पूर्व निर्धारित मितिमा कारणबस बोलपत्र नखोलिएको अवस्थामा बोलपत्र र बोलपत्र जमानतको मान्य अवधिको गणना पूर्व निर्धारित मिति देखि नै गरिनेछ ।
५. बोलपत्रसाथ को.ले.नि.का, काठमाडौंको राष्ट्रिय बाणिज्य बैंक शाखा कार्यालय ठमेल, काठमाडौं स्थित धरौटी खाता नं.११०००१०२०३०००० ख २-३ यस कार्यालयको कोड नं. ३१४०५३५०७ मा रू.१,४५,०००।- नगदै जम्मा गरेको बैंक भौचर वा सो रकम बराबरको कुनै बाणिज्य बैंक वा बित्तिय संस्थाबाट यस कार्यालयको नाममा जारी भएको कार्य प्रयोजन खुलेको बोलपत्र जमानत पेश गर्नु पर्नेछ । सोको मान्य अवधि बोलपत्र पेश गर्ने अन्तिम मितिबाट गणना गर्दा बोलपत्रको मान्य अवधि (९० दिन) भन्दा कम्तिमा पनि ३० दिन बढी हुनु पर्नेछ ।
६. बोलपत्र सम्बन्धी अन्य कुनै कुरा बझ्नु परेमा वा बोलपत्र सम्बन्धी कागजात हेर्नु परेमा यस कार्यालयको सम्पर्क नं.०१-५२४९००५ मा सम्पर्क गर्न सकिने छ । साथै यो सूचना सशस्त्र प्रहरी बल, नेपालको website: www.apf.gov.np मा र सार्वजनिक खरिद अनुगमन कार्यालयको website: www.ppmo.gov.np मा पनि हेर्न सकिने छ ।

## जिरी नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
जिरी, दोलखा

**बोलपत्र आह्वानको सूचना**

**प्रथम पटक सूचना प्रकाशित मितिः २०८१/०८/०५**

यस कार्यालय अन्तर्गत तपशिलमा उल्लेखित निर्माण कार्यको बोलपत्र आह्वान गर्नु पर्ने भएकोले सार्बजनिक खरिद अनुगमन कार्यालयको वेबसाईट www.bolpatra.gov.np/egp बाट Online Bidding गर्न सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| S. N. | Contract No. | Description of Work | Bid Security | Cost of Bidding Document |
|---|---|---|---|---|
| 1. | JIRIMUN/GOODS/ 2081-082/NCB-04 | Supply and Delivery of Polar Jacket at Jiri | 55,000.00 | 3,000.00 |

**टर्कीमा रोजगार** कम्पनी : Marsturk Danismanlik Organizasyon Ve Animasyon Hiz. Tur. Tic. A.S.

पूर्व स्वीकृति मिति : २०७९/०९/२२ पुन विज्ञापन स्वीकृति मिति : २०८१/०८/०४ LT. No. 278898 चलानी नं. ६०१९४५३०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव USD | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 10 | 0 | 425 | ५७,१०५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ बर्ष |
| 2 | Heavy Vehicle Driver | 70 | 0 | 500 | ६७,१८० | | | | | | | |
| 3 | Truck Mechanical | 10 | 0 | 500 | ६७,१८० | | | | | | | |
| 4 | Welder | 10 | 0 | 425 | ५७,१०५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ मंसिर १२ देखि २० गते (27 Nov- 5 Dec. 2024) सम्म हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | ४०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 1373/074/75
**Al Asar International Pvt.Ltd.**
Panchakumari Marg -09,Kathmandu, Nepal, Phone no +97714594144, +9774594145, Mob No.: 9801305656 , 9801836652, 9801233962, Email - alasarintlpvtltd@gmail.com, manishbaral44@gmail.com,Web- alasarinternational.com.np

**साउदीमा रोजगार** कम्पनी : Mohammed Hassan Al-Ajmi Company

पूर्व स्वीकृति मिति : २०८१/०४/२३ पुन विज्ञापन स्वीकृति मिति : २०८१/०८/०४ LT. No. 308598 चलानी नं. ६०२२३२३८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Vehicle Cleaning Labour | 5 | 0 | 1000 | ३६,००० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ बर्ष |
| 2 | Workshop Labor | 5 | 0 | 1000 | ३६,००० | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ मंसिर १२ गते (27th Nov. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Prince International Employment Service Pvt. Ltd.**
Samakhusi-26 Ktm, Nepal, Tel : +977-1-4387650, Mobile: 981-3952892, 9706180600, 9813952892
E-mail : info@princeies.com, mkhatiwada799@gmail.com, binod2551@gmail.com
श्रम इजाजत नं. ४३५/०६०/०६१

# प्रभाव दैनिक

बुधबार, ०५ मंसिर २०८१ (Wednesday, November 20, 2024)


## रूपशाला

### 'ह्रस्व दीर्घ'को चार दिनमा कमाई कति ?

नेपाली र दक्षिण भारतीय कलाकारहरूले अभिनय रहेको फिल्म 'ह्रस्व दीर्घ' ले राम्रो कमाई गरिरहेको छ । बक्स अफिसमा फिल्म 'पूर्ण बहादुरको सारङ्गी' को दबदबा कायम रहेकै बेला फिल्म 'ह्रस्व दीर्घ' ले चार दिनमा ३ करोड ६५ लाख कमाई गरको निर्माण पक्षले जानकारी दिएको हो । फिल्मले शुक्रबार ८० लाख कमाई गरको थियो भने शनिबार एक करोड २० लाख कमाई गरेको बताइएको छ । त्यस्तै आइतबार फिल्मले ७५ लाख ग्रस कमाई गरेको यस फिल्मले सोमबार ९० लाख कमाई गरेको छ ।



# 'रिमै'को छायांकन गोरखाबाट सुरु


■ प्रभाव संवाददाता

**काठमाडौं–** खिल बहादुर गुरुङको निर्देशन रहने फिल्म 'रिमै'को छायांकन सुरु भएको छ । मंगलबार गोरखाको सिरानचोकमा शुभमुहूर्त गर्दै फिल्मको छायांकन थालिएको निर्देशक गुरुङले जानकारी दिए ।

फिल्मको मुहूर्त सर्ट अभिनेता दयाहाङ राई र अभिनेत्री रिस्मा गुरुङले दिएका थिए । अबको एक महिनासम्म गोरखाको सिरानचोक, झार गाउँ, कुल गाउँ, भंगेरी, लासे, सिम्ले, गोहरे, चित्रेपोखरी र गोर्खा बजारमा फिल्मको छायांकन हुनेछ । रोहित कट्टेल प्रस्तुतकर्ता रहेको फिल्मको कार्यकारी निर्माता रत्न श्रेष्ठ हुन् ।

गोरखा सिरानचोक एण्ड लिगगिगकोट फिल्मस् प्रालीको प्रस्तुति र आरआर फिल्मस् तथा रोटेपिङ इन्टरटेनमेन्टको सहकार्यमा निर्माण हुने फिल्ममा दयाहाङ र रिस्मासँगै बुद्धि तामाङ, गौमाया गुरुङ, कविता आले मगर, माओत्से गुरुङ, पुस्कर गुरुङ, वीरवल घले, डिवी गुरुङ लगायतका कलाकारको अभिनय रहनेछ ।

वीरवल घले, टिका गुरुङ र दुन बहादुर घले निर्माता रहेको फिल्ममा बिनु गुरुङ, रोशन भट्टराई राजेश घिमिरे सहनिर्माताको रूपमा रहेका छन् । उपेन्द्र सुब्बाको लेखन रहेको फिल्म शैलेन्द्र ध्वज कार्कीले छायांकन रहने फिल्म आरआर फिल्मस्ले वितरण गर्नेछ ।



# दुई देशमा प्रदर्शनका लागि बिक्यो 'होस्टेल ३'

■ प्रभाव संवाददाता

**काठमाडौं –** छायाङ्कनरत फिल्म 'होस्टल-३'को अस्ट्रेलिया र न्यूजिल्यान्डको प्रदर्शन अधिकार बिक्री भएको छ । निर्माण कम्पनीले सोमबार दुवै देशको प्रदर्शन अधिकार ब्ल्याक आइ क्रियशनलाई बेचेको जानकारी दिएको हो ।

यसअघि नै फिल्मको जापान, मलेसिया र मध्यपूर्वका देशहरूको प्रदर्शन अधिकार बिक्री भइसकेको छ । जापानका लागि यूएनए इन्टरटेन्मेन्ट र मध्यपूर्व तथा मलेसियाका लागि आशिष इन्टरटेन्मेन्टले अधिकार किनेको हो । नयाँ कलाकारहरूलाई लिएर यस फिल्मको निर्देशन सशान कँडेल गर्दैछन् । फिल्ममा पारस बम, रिहान गिरी, पदम तामाङ, सिम्रन पन्त, हेना नगरकोटी, उमर खान, समा पराजुली, सन्तोष बानियाँ, रोहन श्रेष्ठ, आशिष पुरुषलगायतका कलाकारहरूको अभिनय छ ।

नयाँ नायक नायिकाहरूको जन्म गराउनेका रूपमा होस्टेल श्रृफ्ला स्थापित भएको छ । यस पटक पनि केही नायक नायिका निस्कन सक्ने अनुमानका कारण फिल्मले चर्चा बटुलेको छ ।

'होस्टेल'बाट अनमोल केसी, सलोन बस्नेत, र प्रकृति श्रेष्ठले डेब्यू गरेका थिए । यहीबाट उनीहरू स्थापित कलाकार बने । दोस्रो श्रृफ्ला 'होस्टेल रिटर्न्स'बाट नायिका स्वस्तिमा खड्का, नायक सुशील श्रेष्ठ, नजिर हुसेन र सुशील सिटौलालाई दर्शकमाझ परिचित गराएको थियो । दुवै श्रृफ्ला बक्स अफिसमा सफल भएका थिए । 'होस्टेल ३' को स्क्रिप्ट माधव शर्माले लेखेका छन् भने कथा निर्देशक सशान कँडेलकै हो । चलचित्रलाई सम्मान इन्टरटेन्मेन्टले आरोन कन फिल्म्ससँगको सहकार्यमा निर्माण गर्दैछ ।

## रंगशाला

# नेपाली यू–१९ टिम कर्नाटकासँग पराजित

**काठमाडौं (प्रस)–** भारतको कर्नाटकाको यू-१९ टिमले नेपाली यू-१९ राष्ट्रिय क्रिकेट टिमलाई पराजित गर्दै जारी सिरिज बराबरी गरेको छ। मूलपानी क्रिकेट मैदानमा मंगलबार कर्नाटकाले नेपाललाई ५ विकेटले पराजित गर्दै सिरिज २-२ को बराबरी गरेको हो । नेपालले दिएको १०६ रनको लक्ष्य पछ्याएको कर्नाटकाले ३७ ओभरमा ५ विकेट गुमाउदै लक्ष्य पुरा गरेको थियो । यसअघि नेपालले पहिला ब्याटिंग गर्दै ३५.२ ओभरमा अलआउट हुदै १०५ रन बनाएको थियो।

यस सिरिजमा पहिलो खेल कर्नाटकाले जितेको थियो भने दोस्रो र तेस्रो खेल नेपालले जितेको थियो । योसँगै ५ खेलको सिरिजमा नेपाल २-२ ले बराबरी भएको । अब सिरिजको पाँचौं तथा अन्तिम खेल विहिबार हुने छ ।

नेपालले नोभेम्बर २९ देखि डिसेम्बर ८ सम्म हुने यू-१९ एशिया कपको तयारीको रूपमा यो सिरिज खेलिरहेको छ । एशिया कपमा नेपाल समूह बी मा रहेको छ । नेपाल रहेको समूहमा श्रीलंका, बंगलादेश र अफगानिस्तान रहेका छन् ।

त्यस्तै समूह ए मा भारत, पाकिस्तान, जापान र युएई रहेका छन्। हरेक समूहका शीर्ष २ टोलीले सेमिफाइनलमा स्थान बनाउने छन्। नेपालले आफ्नो पहिलो खेल नोभेम्बर २९ तारिखमा श्रीलंकासँग, दोश्रो खेल डिसेम्बर १ तारिखमा बंगलादेशसँग र तेश्रो खेल डिसेम्बर ३ तारिखमा अफगानिस्तानसँग खेल्ने भएको छ।

**टिआईए बास्केटबल कप**

# भ्याली पब्लिक र ग्रीनल्याण्डलाई उपाधि

**काठमाडौं (प्रस)–** १६ औं संस्करणको टिआईए अन्तर स्कुल बास्केटबलमा गल्सतर्फ भ्याली पब्लिक र ब्वाइजतर्फ ग्रीनल्याण्डले उपाधि जितेका छन् । बुढानीलकण्ठस्थित टिआइएको कोर्टमा भएको फाइनल खेलमा गल्सतर्फ भ्याली पब्लिकले एनसीसीएसलाई २९-२३ को फराकिलो अन्तरले पराजित गर्दै उपाधि जितेको हो । फाइनल खेलमा भ्याली पब्लिकले पहिलो र तेस्रो क्वाटरमा लिएको अग्रता नै उपाधि दिलाउन पर्याप्त भयो ।

भ्याली पब्लिकले पहिलो क्वाटरमा ५ स्कोर गर्दा एनसीसीएसले २ स्कोर गरेको थियो। दोस्रो क्वाटरमा एनसीसीएसले १४ स्कोर गदा भ्याली पब्लिकलाई ९ स्कोरमा रोको थियो । तर, तेस्रो क्वाटरमा भ्यालिपब्लिकले उत्कृष्ट कमब्याक गर्दै १६ स्कोर गर्दा एनसीसीएसलाई २ मा रोक्न सफल भयो । चौथो क्वाटरमा ९ स्कोर गरेको भ्याली पब्लिकले जम्मा ४ स्कोर गर्दा अन्ततः भ्याली पब्लिक ३९-२३ को स्कोरमा विजयी हुँदै उपाधि जित्यो। भ्याली पब्लिकका लागि लोरिसा गौचनले सर्वाधिक १३ स्कोर गरिन् ।

यसैगरी ब्वाइजतर्फको उपाधि भिडन्तमा ग्रीनल्याण्डले एचएचसीएलाई कम अन्तरमा पाखा लगाएको थियो । ग्रीनल्याण्डले एचएचसीएलाई ५७-५० को स्कोरमा जित निकाल्दै उपाधि जितेको हो । ग्रीनल्याण्डले पहिलो र दोस्रो क्वाटरमा लिएको अग्रता नै उपाधि जित्न पर्याप्त भयो । तेस्रो र चौथो क्वाटरमा भने ग्रीनल्याण्ड पछि परेको थियो ।

पहिलो क्वाटरमा १८ स्कोर गर्दा एचएचसीएले ११ स्कोर गरेको थियो । यसैगरी दोस्रो क्वाटरमा ग्रीनल्याण्डले २० स्कोर गर्दा एचएचसीएको बोर्डमा १२ मात्रै स्कोर भएको थियो । तेस्रो क्वाटरमा एचएचसीएले ११ स्कोर गर्दा ग्रीनल्याण्ड ८ मा रोकियो थियो भने अन्तिम क्वाटरमा एचएचसीएले १६ स्कोर गर्दा ग्रीनल्याण्ड ९ मा रोकिए पनि अन्ततः ग्रीनल्याण्डले ५७-५० को स्कोरमा जित्दै उपाधि आफ्नो पोल्टामा पार्न सफल भयो ।

# विश्व बडीबिल्डिङ विजेतालाई प्रधानमन्त्रीको सम्मान

**काठमाडौं (प्रस)–** प्रधानमन्त्री केपी शर्मा ओलीले १५ औं विश्व बडीबिल्डिङ एण्ड फिजिकल स्पोर्टस् च्याम्पियनसिप-२०२४ का पदक विजेता नेपाली खेलाडीलाई सम्मान गरेका छन् । प्रधानमन्त्री निवास, बालुवाटारमा प्रधानमन्त्री ओलीले ती खेलाडीलाई बधाई दिँदै सम्मान गरेका हुन् ।

यही ५ देखि ११ नोभेम्बरमा माल्दिभ्समा भएको प्रतियोगिताको विभिन्न तौल समूह र विधामा रूपेश शाही, प्रज्ज्वल शाक्य, रजनी शाक्य र सोनाम मुलगुठीले दोस्रो स्थान प्राप्त गरेका थिए । प्रधानमन्त्री ओलीले यस खेलको पर्याप्त सम्भावना रहेकोले राज्यका तर्फबाट आवश्यक प्रोत्साहन हुने विश्वास दिलाएका छन् । उक्त अवसरमा मदन भण्डारी स्पोर्ट्स एकेडेमीका अध्यक्ष ध्रुव आचार्यलगायत थिए ।


नेपाल सरकार
उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनी दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७१/१२/१२ मा दर्ता भएको प्रा.लि.नं. १३३९१५ को **श्रियम इन्फोसिस प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८१/०७/२९ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६(१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।



**वैदेशिक रोजगार विभागको सार्वजनि सूचना**

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न ईजाजत प्राप्त तपसिल बमोजिमका श्री AL FAROOQUE OVERSEAS PVT. LTD. (ई.प.नं. 1260/074/075) को सञ्चालक/ शेयरधनीले आफ्नो नाममा कायम रहेको शेयरहरु दा.खा. नामसारी गरी पाउन कम्पनी रजिष्ट्रारको कार्यालयका नाममा सहमतिको सिफारिस गरिदिन यस विभागमा निवेदन दिएको हुँदा माग बमोजिम शेयर हक हस्तान्तरण तथा नामसारीको सहमति दिंदा कोही कसैको हक स्वामित्व तथा लेनदेनमा असर पर्ने भए वा कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र सवुद प्रमाण सहित वैदेशिक रोजगार विभागमा सम्पर्क गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । अन्यथा माग बमोजिम शेयर नामसारीको लागि सहमति भै जाने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईन्छ ।

तपसिल

| साविक शेयरधनीको नाम/ शेयर संख्या | अव कायम हुने शेयरधनीहरुको नाम/शेयर संख्या |
|---|---|
| १. श्री फारुक खान (०१-२७५००)<br>२. श्री मुहमद हजिज (२७५०१-५००००) | १. श्री फारुक खान (०१-५००००) |



**कतारमा रोजगार** कम्पनी : ARGUS CO. LTD

पूर्व स्वीकृति मिति : २०८१/०७/३० | LT. No. 313622 | चलानी नं. ६०२२८०५५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | TECHNICIANS | 3 | 0 | 2000 | ७४,०४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

